# प्रभाव दैनिक

National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १२ | अंक १३३ | काठमाडौं | बुधबार, १८ भदौ २०८२ | Prabhab National Daily | Wednesday, 03 September 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–


### राष्ट्रिय सभाले सच्यायो निजामती सेवा विधेयकको गडबडी

# मुख्यसचिव अर्यालको शृंखलाबद्ध चलखेल विफल

- 'कुलिङ पिरियड'को प्रावधान निष्प्रभावी बनाउने चलखेलमा प्रमुख भूमिका खेलेका मुख्यसचिव अर्याल अवकाश उमेर ५९ कायम गराएर कार्यकाल लम्ब्याउने प्रयासमा विफल
- यसै वर्ष ५८ वर्ष पुग्ने अर्याल अनिवार्य अवकाशमा जाँदै
- अवैधानिकरूपमा निष्प्रभावी बनाइएको 'कुलिङ अफ पिरियड'को प्रावधान राष्ट्रिय सभाले सच्यायो

■ जेबी योञ्जन

**काठमाडौं–** ५८ वर्ष उमेर हदका कारण आगामी ९ मंसिरपछि मुख्यसचिव एकनारायण अर्याल अनिवार्य अवकाशमा जाँदै छन् । अवकाश हुने दिन नजिकिँदै जाँदा उनले पदानुकूलविपरीतको आचरण गरेर सार्वभौम संसद्लाई प्रभावित पार्ने प्रयास त गरे नै, स्वार्थानुकूल कानुन निर्माणमा विभागीय मन्त्रीलाई नै प्रयोग गर्न खोजे । तर, एकपछि अर्को उनको प्रयास विफल भए ।

उनले पछिल्लोपटक संघीय निजामती सेवा विधेयक ऐनमा रूपान्तरण भएकै वर्ष कर्मचारीको उमेर हद ५९ वर्ष कायम गराउन खोजेका थिए । आफू मुख्यसचिव रहेकै बेला कार्यकाल एक वर्ष लम्ब्याउने चलखेलमा उनी लागे । यसमा उनलाई सचिवहरूको पनि साथ थियो ।

उनीहरूले अवकाशको उमेर यसै वर्ष ५९ कायम गराउन संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री भगवती न्यौपानेमार्फत प्रयास गरे । सोमबार राष्ट्रिय सभाअन्तर्गतको विधायन समिति बैठकमा मन्त्री न्यौपानेले अर्यालसँगै अन्य सचिवहरूको स्वार्थानुकूल हुनेगरी विधेयकले ऐनको रूप लिएकै वर्ष उमेर हद ५९ वर्ष कायम गर्ने प्रस्ताव प्रस्तुत पनि गरेकी थिइन् ।

तर, विपक्षी सांसदहरूले उक्त प्रस्ताव अस्वीकार गरे । उल्टै मन्त्री न्यौपानेको प्रस्ताव कर्मचारीको स्वार्थसँग जोडिएको भन्दै आशंका गरे । बैठकमा विपक्षी सांसदहरूले उनीमाथि प्रश्नैप्रश्न बर्साए । उनले प्रश्नहरू झेल्न सकिनन् । त्यसपछि समिति सभापति तुलसाकुमारी दाहालसँग समय मागेर बाहिरिएकी थिइन् । उनी बाहिरिँदा सोमबारको विधायन समिति बैठक स्थगित भयो । स्थगित बैठक मंगलबार बिहान बस्यो । बैठकमा मन्त्री न्यौपाने सोमबारको आफ्नै प्रस्तावबाट पछि हटिन् र निजामती कर्मचारीको अवकाश कानुन पारित भएको पहिलो वर्ष ५८ नै कायम रहने निर्णय भयो ।

यसपछि मन्त्री न्यौपाने 'फेस सेभिङ' गर्न खोजेकी छन् । उनले बैठकमा ५९ वर्ष उमेर प्रस्तावमा आफ्नो कुनै स्वार्थ नरहेको दाबी गरिन् । 'बैठकमा छलफलको क्रममा अवकाशको उमेर हदको विषयमा धेरै छलफल भयो, सबैले आफ्नो तर्क राख्नुभयो । मैले पनि सरकारको तर्फबाट आफ्नो धारणा र प्रस्ताव राखें, अनुरोध गरें ।

क्रमशः पृष्ठ २ मा



#### राष्ट्रिय सभाले उल्ट्याएका चार व्यवस्था

- सहसचिवमा १० प्रतिशत खुला प्रतिस्पर्धाबाट पदपूर्ति
- नासुमा १० प्रतिशत खुला प्रतिस्पर्धाबाट पदपूर्ति
- अतिरिक्त सचिव पद नराख्ने
- निजामती कर्मचारीलाई स्वास्थ्य बिमा बोर्डसँगै आबद्ध गर्ने

#### राष्ट्रिय सभाबाट सर्वसम्मत पारित

निजामती सेवा विधेयक, २०८० राष्ट्रिय सभाबाट पारित भएको छ । सभाको मंगलबारको बैठकमा संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री भगवती न्यौपानेले प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त संघीय निजामती सेवा विधेयक, २०८० लाई पारित गरियोस् भन्ने प्रस्ताव गरेकी थिइन् ।

सभाअध्यक्ष नारायणप्रसाद दाहालले सभाबाट उक्त प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गरे । संवैधानिक व्यवस्थाअनुसार प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त भएको विधेयक राष्ट्रिय सभाबाट पारित गर्नुपर्ने मंगलबार अन्तिम समयसीमा रहेको थियो । मन्त्री न्यौपानेले यसअघि विधायन व्यवस्थापन समितिको प्रतिवदेनसहित प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त विधेयकमाथि छलफल गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गरेकी थिइन् ।

क्रमशः पृष्ठ २ मा

## सरकारविरूद्धको मुद्दा पूर्ण इजलासमा



**काठमाडौं (प्रस)–** सर्वोच्च अदालतमा प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकारको विरुद्धमा परेको रिट निवेदन पूर्ण इजलासमा सुनुवाइ हुने भएको छ । न्यायाधीशद्वय तिलप्रसाद श्रेष्ठ र श्रीकान्त पौडेलको संयुक्त इजलासले मंगलबार प्रधानमन्त्री ओली नेतृत्वको सरकारलाई काम चलाउ घोषणा गर्न माग गर्दै दायर भएको रिट निवेदनमाथिको सुनुवाइपछि संवैधानिक विषय भएकाले पूर्ण इजलासमा सुनुवाइ गर्न आदेश गरेको हो ।

'निवेदनमा उठाइएको विषयवस्तुको गम्भीरतालाई ध्यानमा राख्दा प्रस्तुत निवेदनको पूर्ण सुनुवाइ भई छिटो निरूपण हुनुपर्ने प्रकृतिको देखिँदा प्रस्तुत निवेदनमा सबै विपक्षीहरूबाट लिखित जवाफ परेको वा पर्ने अवधि भुक्तान भएको सात दिनभित्र निवेदनको सुनुवाइलाई अग्राधिकार...

क्रमशः पृष्ठ ५ मा

## 'मिटरब्याजी' श्रेष्ठको घरबाट सवा चार करोड र साढे नौ किलो सुन बरामद

- गोरखा घर भई गोंगबु बस्ने विनोद श्रेष्ठको घरबाट स्रोत नखुलेको चार करोड २५ लाख ५० हजार नगद तथा साढे नौ किलो सुन र तीन किलो चाँदी बरामद

प्रारम्भिक अनुसन्धानका क्रममा पक्राउ परेका विनोद श्रेष्ठ मिटरब्याजी रहेको देखिएको छ । सुनको गहना धितो राखेर लेनदेन गरेको देखिन्छ ।

■ **अपिलराज बोहरा**
प्रवक्ता, जिल्ला प्रहरी परिसर काठमाडौं

■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रहरीले काठमाडौंको गोंगबुस्थित एक व्यक्तिको घरबाट चार करोड २५ लाख रूपैयाँ बरामद गरेको छ । गोरखा घर भई गोंगबु बस्दै आएका विनोदकुमार श्रेष्ठको घरमा शंकास्पद रकम भेटिएपछि मंगलबार दिउँसो प्रहरीले छापा मारी उक्त रकमसहित साढे नौ किलो सुन र तीन किलो चाँदीसमेत बरामद गरेको हो ।

जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता प्रहरी उपरीक्षक अपिलराज बोहराका अनुसार अवैध रकम लुकाइएको सूचनाका आधारमा उपत्यका प्रहरी कार्यालय रानीपोखरी र जिल्ला प्रहरी परिसर काठमाडौंको टोलीले श्रेष्ठको घरमा छापा मारेको थियो ।

'७६ वर्षे विनोद श्रेष्ठको घरमा स्रोत नखुलेको सम्पत्ति र अवैध तरिकाबाट राखेको सुनचाँदी छ भन्ने विशेष सूचनाको आधारमा खानतलासी गर्दा चार करोड २५ लाख ५० हजार नगद भेटिएको हो,' प्रवक्ता बोहराले भने ।

क्रमशः पृष्ठ ५ मा

**सन्दर्भ: वैदेशिक रोजगार**

## सीपयुक्त जनशक्तिको मागपत्र प्रमाणीकरण गर्न दूतावास तयार, अहिलेसम्म आवेदन नआएको प्रस्टीकरण

■ प्रभाव संवाददाता

**काठमाडौं–** दक्षिण कोरियास्थित नेपाली राजदूतावासले सीपयुक्त श्रमिकको मागपत्र प्रमाणीकरण नगरेको भन्ने आरोपमा सत्यता नरहेको जानकारी दिएको छ । दूतावासले मंगलबार प्रेस विज्ञप्ति जारी गर्दै उक्त आरोपको खण्डन गरेको हो ।

सीपयुक्त श्रमिकको मागपत्र प्रमाणीकरणका लागि आवेदन नै नआएकोसमेत दूतावासले प्रस्ट पारेको छ । हालै सरकारले स्वीकृत गरेको 'कोरियामा सीपयुक्त श्रमिक पठाउनेसम्बन्धी कार्यविधि, २०८०'अनुसार दूतावासमा मागपत्र प्रमाणीकरणका लागि आवेदन नआएको दूतावासको भनाइ छ । दूतावासले रीतपूर्वक मागपत्र प्रमाणीकरणको आवेदन आएको खण्डमा आवश्यक प्रक्रिया अघि बढाउने जानकारी दिएको छ ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले गत असार १३ गते उक्त कार्यविधि पारित गरेको थियो । त्यससँगै इजाजतपत्र प्राप्त संस्था (म्यानपावर) मार्फत कोरियामा सीपयुक्त श्रमिक पठाउने बाटो खुलेको थियो । कार्यविधि पारित भएको दुई महिना बित्दा पनि मागपत्र प्रमाणीकरण नभएको भन्दै व्यवसायीहरूले गुनासो गरेका थिए । यसरी रोकिनुको कारण परराष्ट्र मन्त्रालय र श्रम मन्त्रालयका केही निर्देशनहरू बाँकी रहेको हुनसक्ने आशंका गरिएको थियो । तर दूतावासले मागपत्र नै नआएकोले प्रमाणीकरण नभएको प्रस्ट पारेको छ ।

क्रमशः पृष्ठ २ मा




#### ८५ थरीका सीपयुक्त श्रमिकलाई अवसर

दक्षिण कोरियामा ई-७ भिसामार्फत सीपयुक्त जनशक्ति पठाउँदा विभिन्न ८५ थरी सीप भएका श्रमिकहरूले अवसर पाउने भएका छन् । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबाट स्वीकृत 'कोरियामा सीपयुक्त श्रमिक पठाउनेसम्बन्धी कार्यविधि, २०८०' मा यसरी जाने श्रमिकलाई चार वर्गमा विभाजन गरिएको छ ।

कार्यविधिको अनुसूची-१ मा गरिएको वर्गीकरणमा व्यावसायिक, अर्धव्यावसायिक, साधारण दक्ष श्रमिक र दक्ष श्रमिक भनी उल्लेख गरिएको छ ।

क्रमशः पृष्ठ २ मा




पृष्ठ १ बाट क्रमश:

## मुख्यसचिव...

तर, मेरो आफ्नो व्यक्तिगत स्वार्थ थिएन,' उनले भनिन्, 'कसैको स्वार्थ पूरा गर्ने नाममा अनुचित काम गर्दिनँ भन्ने मेरो अठोट नै रहेको छ ।'

उनीमाथि मुख्यसचिव अर्यालसहित सचिवहरूको कार्यकाल लम्ब्याउने गरी प्रस्ताव गरेको आरोप थियो । यसमा भित्री रूपमा सत्तारुढ दलहरू नेपाली कांग्रेस र नेकपा एमालेका सांसदहरूको साथ थियो । उनीहरू यसै वर्ष ५९ वर्ष उमेर हद लागू गराउन चाहन्थे, जुन असफल भएको छ । यससँगै चालु आर्थिक वर्षमा कर्मचारीको अवकाश उमेर ५८ वर्ष नै कायम भएको छ । अर्को वर्ष ५९ र त्यसपछिका वर्षहरूमा ६० वर्ष कायम हुने व्यवस्था विधेयकमा छ ।

मुख्यसचिव अर्याल आउँदो मंसिरमा वर्ष ५८ वर्ष पुग्दै छन् । अब उनी अनिवार्य अवकाशमा जानुपर्छ । ५९ वर्ष उमेर हद राखेको भए उनी थप एक वर्ष मुख्यसचिव बन्न पाउँथे । एमालेनिकट मुख्यसचिव अर्याल प्रधानमन्त्री ओलीका 'प्रिय कर्मचारी' मानिन्छन् । वरिष्ठ सचिवको वरीयतामा चौथो नम्बरमा छँदा नै उनलाई ओलीले मुख्यसचिव नियुक्त गर्नुले पनि ओलीको रोजाइका कर्मचारी भन्ने देखाउँछ ।

उनै अर्यालले पछिल्लोपटक उमेर हदमा चलखेलको प्रयास गरेका थिए । अघिल्लोपटक प्रतिनिधिसभामा उनले विधेयकमा अवकाशपछि कर्मचारीलाई राजकीय र संवैधानिक नियुक्तिहरूमा पर्खाइ अवधि (कुलिङ अफ पिरियड) दुई वर्ष राख्ने प्रावधान निष्प्रभावी बनाउनेगरी चलखेल गरेको संसदीय छानबिन समितिले नै औंल्याएको थियो । त्यसबेला समितिले भनेको थियो, 'मुख्यसचिवको गतिविधि पदीय आचरण अनुकूलको देखिएन ।' यसले उनीमाथि राजीनामाको दबाब परेको थियो । तर, राजीनामा दिनु त कता हो कता एक वर्ष कार्यकाल लम्ब्याउन कानुनमै चलखेलमा गर्न उनी उत्रिए ।

यो उनको सार्वभौम संसद्को क्षेत्राधिकारमा अवाञ्छित चासो, दौडधुप र घुसपैठ भएको विपक्षी दलका सांसदहरूको भनाइ छ । नेकपा माओवादी केन्द्रकी राष्ट्रिय सभा सदस्य रेणु चन्दले मुख्यसचिवको यस्तो गतिविधिलाई पदीय आचरण अनुकूल मान्न नसकिने बताएकी छन् ।

यसअघि त अर्याल खुलमखुला कुलिङ पिरियडको विरोध गर्ने कर्मचारीहरूको कमाण्डर नै थिए । प्रतिनिधिसभाका सभामुखदेखि राष्ट्रिय सभाका अध्यक्षसम्मलाई ज्ञापनपत्र बुझाएर कुलिङ पिरियडको प्रावधान हटाउन दबाब दिए । अन्ततः प्रतिनिधिसभाअन्तर्गतको राज्य व्यवस्था तथा सुशासन समितिले तयार गरेको विधेयकमाथिको छलफलमा आधारित प्रतिवेदनमा सुटुक्क कुलिङ पिरियडको प्रावधान निष्प्रभावी हुने प्रावधान उल्लेख थियो । त्यसबेला समिति सचिव सुरजकुमार दुरा थिए । यो प्रकरण बाहिरिएपछि दुरा समितिबाट अलग भए ।

समिति बैठकसँगै संसद्को दुवै सदनमा विरोध भयो । सार्वभौम संसद्को गरिमा र औचित्यमाथि नै प्रश्न उठ्नेगरी विधेयकमा चलखेल भएपछि विपक्षीहरूबाट सरकारको पनि विरोध भएको थियो । यसपछि प्रतिनिधिसभाले छानबिन गर्न संसदीय विशेष समिति गठन गर्‍यो । कांग्रेस सांसद जीवन परियार नेतृत्वको समिति बनेको थियो । उक्त समितिले छानबिन गरी सार्वजनिक गरेको प्रतिवेदनमा मुख्यसचिव अर्यालको भूमिकामाथि गम्भीर प्रश्न उठाइएको थियो ।

प्रतिवेदनमै कांग्रेस सांसदसमेत रहेका तत्कालीन राज्य व्यवस्था तथा सुशासन समिति सभापति रामहरि खतिवडालाई जिम्मेवार ठहर्‍याइएको थियो । उनले राजीनामा दिइसके । हाल कांग्रेसकै सांसद ईश्वरी न्यौपाने सभापति छिन् । यसरी कुलिङ पिरियडमा भएको बद्मासीपछि राजनीतिक नेतृत्व जिम्मेवारीबाट अलग हुँदा कर्मचारीको नेतृत्व अर्याल अझै पनि चलखेलमै व्यस्त छन् । भनिन्छ, उनलाई प्रधानमन्त्री ओलीको संरक्षण छ ।

■■■

## राष्ट्रिय...

### उल्टिए चार व्यवस्था

संघीय निजामती सेवा विधेयकमा प्रतिनिधिसभाबाट पारित भएका विभिन्न चार विषय राष्ट्रिय सभामा उल्टिएका छन् । सहसचिवमा प्रतिस्पर्धा राख्ने, नासुमा प्रतिस्पर्धा, अतिरिक्त सचिव पद राख्ने, निजामती कर्मचारी सामाजिक सुरक्षा कोषसँगै आबद्ध गराउने व्यवस्था राष्ट्रिय सभाले उल्टयाएको हो । प्रतिनिधिसभाले उपसचिवसम्ममात्रै खुला प्रतिस्पर्धा रहने प्रावधान राखेको थियो । यसलाई उल्टयाएर राष्ट्रिय सभाले सहसचिवमा १० प्रतिशत र नायब सुब्बा (नासु) मा १० प्रतिशत खुला प्रतिस्पर्धाबाट पदपूर्ति गर्ने प्रावधान राखेको छ । राष्ट्रिय सभाले पारित गरेको विधेयकअनुसार सहसचिवमा ८० प्रतिशत बढुवाबाट, अन्तरतह प्रतियोगिता र खुला प्रतियोगितामार्फत १०/१० प्रतिशत पदपूर्ति गरिने छ ।

अतिरिक्त सचिव पद राख्ने प्रतिनिधिसभाको निर्णय पनि उल्टिएको छ । राष्ट्रिय सभाले अतिरिक्त सचिव पद आवश्यक नरहेको निष्कर्ष निकालेर उक्त व्यवस्था नै हटाएर विधेयक अगाडि बढाएको हो । निजामती कर्मचारीलाई स्वास्थ्य बिमा बोर्डसँगै आबद्ध गर्ने निर्णय राष्ट्रिय सभाले लिएको छ । सरकारले सुरुमा ल्याएको विधेयकको दफा ५२ मा स्वास्थ्य बिमा योजना लागू गर्नेसम्बन्धी व्यवस्था छ । यसमा केही संशोधन गर्दै प्रतिनिधिसभाले 'सामाजिक सुरक्षा कोष' 'वा नागरिक लगानी कोष' भन्ने शब्दहरू थपेको थियो ।

■■■

## सीपयुक्त...

नेपाल वैदेशिक रोजगार व्यवसायी संघका महासचिव महेशकुमार बस्नेतले प्रमाणीकरणका लागि दूतावास तयार हुनु स्वागतयोग्य भएको बताए । यद्यपि, उक्त प्रणालीमार्फत कोरियाले कति श्रमिक लैजाने भन्ने विषय यकीन नभएको उनको भनाइ छ । व्यवसायीहरूका लागि यो सुनौलो मौका भएकाले सबै जना तयारी अवस्थामै रहेको उनले बताए ।

'यो स्वर्णिम मौका हो । पहिला इपिएसमार्फत थोरै श्रमिक लग्दै आएको थियो भने अब ठूलो संख्यामा सीपयुक्त श्रमिक लैजाने देखियो,' उनले भने, 'प्रमाणीकरणको प्रक्रिया अन्य मुलुकको सरह भएकाले व्यवसायीहरू तयारी अवस्थामा नै हुनुहुन्छ । सीपयुक्त जनशक्तिको छनोटको प्रक्रिया नयाँ हुनसक्छ ।'

■■■

## ८५ थरीका...

यी विभिन्न वर्गअन्तर्गतका ८५ थरीका सीपयुक्त जनशक्ति जान सक्ने छन् । व्यावसायिक जनशक्तिलाई म्यानेजर र विशेषज्ञ गरी दुई प्रकारमा विभाजन गरिएको छ । जसअन्तर्गत पर्ने विभिन्न ६७ थरीका सीप जानेकाहरूलाई लगिने उल्लेख गरिएको छ । अर्धव्यावसायिकमा कार्यालय कर्मचारी र सेवा क्षेत्रका कर्मचारीअन्तर्गतका नौ थरी सीप भएका जनशक्ति लगिने भनिएको छ । त्यस्तै साधारण दक्ष जनशक्तिमा छ थरीका र दक्ष श्रमिकमा तीन थरीका जनशक्ति छन् ।

हालसम्म रोजगार अनुमति प्रणाली (इपिएस) मार्फत अदक्ष श्रमिकमात्रै कोरियाले लगिरहेको छ । निजी क्षेत्रका व्यवसायी-व्यवसायी (बिटुबी)मार्फत पठाइने ई-७ भिसामा वैदेशिक रोजगार विभागको स्वीकृतिमा मौसमी कामदारबाहेकका जनशक्ति पठाउन सकिने छ । म्यानपावरमार्फत कोरिया पठाउँदा लाग्ने लागत इपिएस प्रणालीबमोजिम लाग्ने सेवा शुल्कमा नबढ्नेगरी हुने कार्यविधिमा भनिएको छ । यसरी जानका लागि आधारभूत कोरियन भाषा र पेसागत सीप हासिल गरेको हुनुपर्ने छ । ई-७ भिसामा रोजगारदाता आफैंले श्रमिकको भाषा र सीपको निःशुल्क परीक्षण गर्ने भनिएको छ ।

ई-७ भिसाका लागि हालसम्म कुनै पनि माग नआएकाले वैदेशिक रोजगार विभागको आधिकारिक वेबसाइट र दैनिक पत्रिकामा सार्वजनिक सूचना प्रकाशित नभएसम्म कुनै पनि व्यक्ति वा संस्थासँग आर्थिक कारोबार नगर्न कोरियास्थित नेपाली दूतावासले आग्रह गरेको छ । मागको आधिकारिकता जाँच गर्न दूतावासमा सम्पर्क गर्न सकिनेसमेत जानकारी दिइएको छ ।


## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

**प्रथम पटक प्रकाशित मिति: २०८२/०५/१८**

यस कम्पनीको मिति २०८२/०५/०३ को साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **टोल मल्ट्रिप्रपोज कम्पनी**को नाममा रहेको सम्पूर्ण चल अचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/०५/१६ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **टोटल मल्टिपर्पोज कम्पनी (प्रा.लि.नं. ३२७९८८)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।



## काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिकीको सूचना

**दोस्रो पटक प्रकाशित मिति: २०८२/०५/१८**

श्री वासी समैजी सामुदायिक वन उपभोक्ता समुह कृष्णपुर न.पा. ४ शिवपुर कञ्चनपुरको सामुदायिक वनको वन क्षेत्रवाट यस सा.व.उ.स.ले आर्थिक वर्ष २०८१र०८२ मा नियमानुसार सङ्कलन गरी आन्तरिक खपत पश्चात समूहको घाटगद्दीमा रहेको खयर गोलिया काठ जम्मा लट सङ्ख्या २ को थान ३२५ को परिमाण १५७४/०१ क्यू फिट खबर काठ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बढाबढबाट विक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । रित पुगेका इच्छुक कत्था उद्योगले यो सूचना दोस्रो पटक प्रकाशित भएको मितिले १५ (पन्द्र) दिनको ३ वजे भित्र बोलपत्र खरिद गरी १६ (सोहौं) दिनको १२:०० बजेभित्र नियमानुसार लटको शिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क गर्नहुन जानकारी गराइन्छ ।



**दाबी विरोध सम्बन्धी**

## वैदेशिक रोजगार विभाग, काठमाडौंको सूचना

**प्रकाशित मिति : २०८२/०५/१८**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त संस्था **Strikeforce Asia Recruitment Pvt. Ltd.** (ई.प.नं.1675/080/81) ले यस विभाग समक्ष संस्थाको रजिष्टर्ड कार्यालयको ठेगानालाई तपसिल बमोजिम स्थानान्तरण गरि पाउँ भनि निवेदन आएकोले उक्त प्रा.लि.को माग बमोजिम साविकको रजिष्टर्ड कार्यालयको ठेगाना परिवर्तन गर्दा कोहि कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस वैदेशिक रोजगार विभागको संस्था दर्ता शाखामा उजुरी/निवेदन पेश गर्नु हुन मिति २०८२/०५/०८ को निर्णयानुसार अनुरोध छ । अन्यथा कानून बमोजिम भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**तपसिल**

| साविक ठेगाना | अब कायम हुने नयाँ ठेगाना |
|---|---|
| काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं.२६ | काठमाडौं जिल्ला टोखा नगरपालिका वडा नं.०७ |



## कतारमा रोजगार

कम्पनी : ALWAYS TRADING & CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०५/१७ LT. No. 330445 चलानी नं. ६०२४४२२४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Brick Masons | 2 | 0 | 1200 | ४६,५६० | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter | 1 | 0 | 1200 | ४६,५६० | | | | | | | |
| 3 | Foreman | 1 | 0 | 2500 | ९७,००० | | | | | | | |
| 4 | Painter | 1 | 0 | 1200 | ४६,५६० | | | | | | | |
| 5 | Plumber | 2 | 0 | 1200 | ४६,५६० | | | | | | | |
| 6 | Store Keepers | 1 | 0 | 2000 | ७७,६०० | | | | | | | |
| 7 | Welder | 1 | 0 | 1200 | ४६,५६० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ २५ गते (10th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Gov. LIC. No. 1757/081/082

CHANDRAMA GROUP OF COMPANY PVT. LTD.

Sinamangal-9, Kathmandu, Nepal, Contact: +977-1-4116658, 9802017786

E-mail : info@chandramagroup.com, rajachandramagroup@gmail.com, Web: www.chandramagroup.com



## कतारमा रोजगार

कम्पनी : RENOVATION CONTRACTING WLL

पूर्व स्वीकृति मिति : २०८२/०५/१७ LT. No. 330451 चलानी नं. ६०२४४२५०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Accountant | 0 | 1 | 4000 | १५५,१९५ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter Bulding | 3 | 0 | 1200 | ४६,५७० | | | | | | | |
| 3 | Foreman | 1 | 0 | 2700 | १०४,७६० | | | | | | | |
| 4 | Labour | 11 | 0 | 1000 | ३८,८०० | | | | | | | |
| 5 | Sales Executive | 0 | 1 | 3000 | ११६,३९५ | | | | | | | |
| 6 | Tile Fixer (Tile Maker) | 3 | 0 | 1000 | ३८,८०० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ २५ गते (10th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

BABY ANGEL INTERNATIONAL PVT. LTD.

Sinamngal - 9, Kathmandu, Nepal Tel: +977-1- 4561353 / 9801029271

E-mail: info@babyangelintl.com.np, babyangelintl@gmail.com, Web : www.babyangelintl.com.np

Govt. License 940/067/068



## साइप्रसमा रोजगार

कम्पनी : CONSTANTIN ELENA PIRILLOU- LICENSE 363

पूर्व स्वीकृति मिति : २०८२/०५/१७ LT. No. 330466 चलानी नं.६०२४४२५७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव EUR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 3 | 6 | 800 | १३२,२५५ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Waiter/waitress | 8 | 8 | 800 | १३२,२५५ | | | | | | | |

कम्पनी : CONSTANTINA ELENA PIRILLOU-LIC NO.363

पूर्व स्वीकृति मिति : २०८२/०५/१७ LT. No. 330465 चलानी नं.६०२४४२५८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव EUR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 5 | 0 | 800 | १३२,२५५ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Kitchen Worker | 15 | 5 | 800 | १३२,२५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ २५ गते (10th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १२०९/०७३/०७४

Universal H.R Soltution Pvt.Ltd.

Baneshwor, Milan chowk-31, Kathmandu, Tel: 014593365, 4593465,

Mobile No. 9801006032, E-Mail : uhrsolution1209@gmail.com



## कतारमा रोजगार

कम्पनी : SCIENTIFIC GLOBAL LAB SUPPLIES

पूर्व स्वीकृति मिति : २०८२/०५/१७ LT. No. 330446 चलानी नं. ६०२४४२३६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 2 | 0 | 1000 | ३८,८०० | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Shop/store Worker | 3 | 0 | 1900 | ७३,७२० | | | | | | | |
| 3 | Salesperson (Male) | 3 | 0 | 1300 | ५०,४४० | | | | | | | |

कम्पनी : SASKW L'ADARTULMRAFQ

पूर्व स्वीकृति मिति : २०८२/०५/१७ LT. No. 330389 चलानी नं. ६०२४४२१९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Plumbers | 1 | 0 | 1200 | ४६,५६० | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Electrician - Semi Skilled | 1 | 0 | 1200 | ४६,५६० | | | | | | | |
| 3 | General Pipe Fitter | 1 | 0 | 1200 | ४६,५६० | | | | | | | |
| 4 | Labour | 1 | 0 | 1000 | ३८,८०० | | | | | | | |

कम्पनी : EMERGING GROUP FOR CONTRACTING & SERVICES W.L.L.

पूर्व स्वीकृति मिति : २०८२/०५/१७ LT. No. 330447 चलानी नं. ६०२४४२३७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Worker | 3 | 0 | 1000 | ३८,८०० | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Ceramic Worker | 1 | 0 | 1200 | ४६,५६० | | | | | | | |
| 3 | Dry Clean Labor | 2 | 0 | 1200 | ४६,५६० | | | | | | | |
| 4 | General Pipe Fitters | 1 | 0 | 1200 | ४६,५६० | | | | | | | |
| 5 | Mason. | 1 | 0 | 1200 | ४६,५६० | | | | | | | |
| 6 | Painter | 1 | 0 | 1200 | ४६,५६० | | | | | | | |
| 7 | Plaster Techician | 1 | 0 | 1200 | ४६,५६० | | | | | | | |
| 8 | Plaster Worker | 1 | 0 | 1200 | ४६,५६० | | | | | | | |
| 9 | Plumber | 1 | 0 | 1200 | ४६,५६० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ २५ गते (10th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

RED SUN EMPLOYMENT SERVICE PVT.LTD.(Red Sun Solutions Pvt.ltd)

Govt. License 1274/074/75

Chabahil-7, Chuchepati, Kathmandu, BAGMATI, Tel : +977-01-5210104, 9801097930

Email: inforedsun2017@gmail.com, Web: www.redsunemployment.com.np


## आजको राशिफल



आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२
Email: dhruvswamig@gmail.com

बुधबार, १८ भदौ, २०८२

| | |
|---|---|
| मेष | खानपान र पहिरनमा खर्च हुनेछ । |
| वृष | साताको प्रारम्भ उत्साहजनक हुनेछ । |
| मिथुन | महगा सामानतर्फ ध्यान जानेछ । |
| कर्कट | व्यापार बढ्नाले राम्रै आम्दानि हुनेछ । |
| सिंह | अप्ठ्यारा परिस्थितिलाई सामना गर्नु पर्नेछ । |
| कन्या | रमाइलो यात्रा, मनोरञ्जन प्राप्त हुनेछ । |
| तुला | खर्च बढ्नाले अभाव देखिन सक्छ । |
| वृश्चिक | काम बन्नाले जोस जाँगर बढ्नेछ । |
| धनु | मिहिनेत गर्दा राम्रै अवसर पाइनेछ । |
| मकर | रोकिएका कम बन्ने नयाँ योजना । |
| कुम्भ | हडबडीले कमहरु बिग्रन सक्नेछन् । |
| मीन | नोकरीमा पद प्राप्ति हुनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्ड्स् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ नि:शुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| नि:शुल्क होमियो दातव्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

१८ भदौ , २०८२ (०३ सेप्टेम्बर, २०२५)

| मुद्रा | एकाइ | खरिद दर | विक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १४०.८२ | १४१.४२ |
| युरो | १ को | १६५.०३ | १६५.७३ |
| पाउन्ड स्टिर्लङ | १ को | १९०.४७ | १९१.२८ |
| स्विस फ्रैन्क | १ को | १७६.०३ | १७६.७८ |
| अस्ट्रेलियन डलर | १ को | ९२.३२ | ९२.७१ |
| क्यानाडियन डलर | १ को | १०२.४८ | १०२.९२ |
| सिङ्गापुर डलर | १ को | १०९.७२ | ११०.१९ |
| जापानी येन | १० को | ९.५७ | ९.६१ |
| चिनियाँ युआन | १ को | १९.७४ | १९.८२ |
| साउदी अरब रियाल | १ को | ३७.५३ | ३७.६९ |
| कतारी रियाल | १ को | ३८.६३ | ३८.८० |
| थाई भाट | ख १ को | ४.३६ | ४.३८ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३८.३४ | ३८.५० |
| मलेसियन रिङेट | १ को | ३३.३३ | ३३.४७ |
| दक्षिण कोरियन वन | १०० को | १०.११ | १०.१५ |
| स्विडिस क्रोनर | १ को | १४.९८ | १५.०५ |
| डेनिस क्रोनर | १ को | २२.११ | २२.२० |
| हङकङ डलर | १ को | १८.०६ | १८.१४ |
| कुवेती दिनार | १ को | ४६०.८३ | ४६२.७९ |
| बहराइन दिनार | १ को | ३७३.५३ | ३७५.१२ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेबसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# वैशाखयता ३२८१ विपद्का घटना

## २०७ जनाको मृत्यु, २२ जना बेपत्ता, ७७४ जना घाइते



■ प्रभाव संवाददाता

**काठमाडौं–** गत वैशाखदेखि यही भदौ १४ गतेसम्म देशभर कूल तीन हजार २८१ वटा विपद्का घटना घटेका छन् । ती घटनामा परेर २०७ जनाको मृत्यु भएको छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार विपद्मा परेर २२ जना बेपत्ता भए भने ७७४ जना घाइते भएका छन् । त्यसबाट पाँच हजार ९६३ परिवार प्रभावित भएका छन् ।

प्राधिकरणका अनुसार सो अवधिमा घटेका विपद्का घटनामा सबैभन्दा धेरै आगलागी भएको छ । कूल एक हजार १९७ आगलागीका घटना भएका छन् । आगलागीमा परेर १५ जनाको मृत्यु हुँदा १६५ घाइते भएका छन् । बाढीका २४३ घटना हुँदा २७ जनाको ज्यान गएको छ भने २२ बेपत्ता र १० घाइते भएका छन् । बाढीमा परेर एक हजार ७७८ परिवार प्रभावित भएका छन् । सो अवधिमा ३६८ ठाउँमा पहिरो गएको छ । पहिरोमा परेर १८ जनाको मृत्यु भएको छ भने २८ जना घाइते भएका छन् । पहिरोका कारण ४८१ परिवार प्रभावित भएका छन् ।

यस्तै, २६६ वटा भारी वर्षाका विवरण प्राधिकरणले उपलब्ध गराएको छ । भारी वर्षाका कारण छ जनाको ज्यान जाँदा १२ घाइते भएका छन् भने ७११ परिवार प्रभावित भएका छन् । कूल २५८ चटचाङका घटना हुँदा ३१ जनाको ज्यान गएको छ । त्यसमा परेर १९३ जना घाइते भएका छन् भने ३१७ घरपरिवार प्रभावित भएका छन् ।

यसैगरी सर्पदंशका २६८ घटना हुँदा ७२ जनाको ज्यान गएको छ । २०२ जना घाइते हुँदा २७२ घरपरिवार प्रभावित भएका छन् । कूल १५८ वटा वन डढेलोको घटना हुँदा दुई जना घाइते र २७ परिवार प्रभावित भएका छन् । हुरीबतासका २८० घटना हुँदा आठ जनाको मृत्यु भएको छ भने ४१ जना घाइते भएका छन् । त्यसबाट ५३६ घरपरिवार प्रभावित भएका छन् ।

प्राधिकरणका अनुसार जनावर आक्रमणको घटनामा १५ जनाको मृत्यु भएको छ । लेक लाग्नुका ४९, भूकम्प पाँच, ढुंगा पल्टेर दुई, असिना र माहामारीका एक-एक घटना घटेका छन् । प्राधिकरणले विपद्सँग जुध्नका लागि आवश्यक सतर्कता र सावधानी अपनाउन आग्रह गर्नुका साथै आवश्यक तयारीसमेत गरेको छ ।


# वीरेन्द्रभक्त यस वर्ष पनि जिब्रो छेड्न तयार

**भक्तपुर–** इन्द्रजात्राको अवसरमा मध्यपुरथिमि नगरपालिका-४ बालकुमारी निवासी ३८ वर्षीय वीरेन्द्रभक्त गजू श्रेष्ठले यस वर्ष पनि जिब्रो छेडेर लोप हुनै लागेको जात्रा एवं परम्परालाई जीवन्त राख्ने भएका छन् ।

इन्द्रजात्राको भोलिपल्ट भाद्र शुक्ल पूर्णिमाको साँझ अर्थात् भदौ २२ गते आइतबार साँझ जिब्रो छेडेर महाद्वीप (भेय्) बोकेर खाली खुट्टा भक्तपुरको नवदुर्गा र दतात्रय दर्शनका लागि जाने रुट सार्वजनिक गरिएको छ । गत दुई वर्ष मध्यपुरथिमिबाट पशुपतिनाथको मन्दिरसम्म जिब्रो छेडेर महाद्वीप बोकेर जात्रा लगे पनि यस वर्ष भक्तपुरको नवदुर्गा मन्दिर र दत्तात्रय मन्दिर पुगेर फर्किने मध्यपुरथिमिका सांस्कृतिक गुरु अर्जुन श्रेष्ठले जानकारी दिए ।

जिब्रो छेड्ने व्यक्तिको इच्छाअनुसार पशुपति मन्दिर, चाँगुनारायण मन्दिर, भक्तपुरका विभिन्न मन्दिर, स्वयम्भू, नमोबुद्धसम्म जिब्रो छेडेर पुर्खाहरू पुगेको इतिहास रहेको बताउँदै यस वर्ष जिब्रो छेड्नेको चाहनाअनुसार नवदुर्गा र दत्तात्रयको दर्शन गर्ने गरी जात्रा लैजान लागेको जानकारी दिए ।

येँयाः पुन्हिया लसताय् म्येम्वाः खानेगु जात्रा व्यवस्थापन समितिले स्थानीयसँगको छलफलमा जात्राको रुट तय गरी जानकारी गराएको हो । समितिका अध्यक्ष चन्द्रकाजी श्रेष्ठका अनुसार प्रचण्ड भैरव मन्दिर अगाडिको दिगुटोल डबलीमा जिब्रो छेडेर महाद्वीप बोकेर जात्रा सुरु हुने छ । साँझ करिब ७:०० बजे सुरु हुने जात्रा दिगुटोलबाट बालकुमारी मन्दिर, तछुटोल, विष्णुविर मन्दिर, यमाटोल, मरुटोल, शंखधर चोकथिमि, सूर्यविनाक नगरपालिका-४ स्थित दक्षिण बाराही मन्दिर (क्वाछे) हुँदै पुन शंखधर चोक थिमि फर्किने छ ।



फाइल तस्बिर

त्यसैगरी शंखधर चोकबाट मुख्य सडकहुँदै राधेराधे, सल्लाघारी, भक्तपुर नगरपालिका क्षेत्र प्रवेश गर्दै चोङा गणेश, सिद्ध पोखरी, नः पुखु, दरबार स्क्वायर, पाँचतले मन्दिर, सुकुलढोका, दत्तात्रय मन्दिर, क्वाठण्डौ, नवदुर्गा मन्दिर (द्यो छें), साक्वःलान रुटहुँदै पुनः पाँचतले मन्दिर फर्कने छ ।

त्यसपछि वंशगोपाल, सिद्धपोखरी, सल्लाघारी चोङा गणेश मध्यपुरथिमिको निकोसेरा, नगरपालिका चोक, पाटी बिहार, गुङ चिवा, भीमसेन चोक, गणेश स्कुल, नगदेश, सिद्दी गणेश मन्दिर, गार्चा चोक, सिद्धिकाली चोक, सिद्धिकाली मन्दिर, भुलाँखेल, चोडे, दुई पोखरी हुँदै बालकुमारी मन्दिर पुगेर जिब्रोबाट सियो निकालेर जात्रा विसर्जन गरिने भएको छ ।

यो जात्रा यसअघि लगातार दुई वर्ष पशुपतिनाथ मन्दिर पुगेर फर्किएको थियो । बीचबीचमा चल्दै रोकिँदै आएको यो जात्रा २०६३ सालदेखि रोकिँदै पुनः २०७४ मा वीरेन्द्रभक्तकै अगुवाइमा सुरु भएको हो । त्यसयता उनले २०७९ र २०८१ सालमा पनि जिब्रो छेडेका थिए ।

वि.सं. २०७५ मा बालकराम श्रेष्ठले एकपटक जिब्रो छेडाएको र कोरोना महामारीले रोकिएको यो जात्रा २०७९ मा वीरेद्रभक्तले पुनः निरन्तरता दिएका थिए । मध्यपुरथिमिका कृष्ण नानिचा श्रेष्ठले २०५२, ०५७ र ०६३ मा जिब्रो छेडाएका थिए । जात्रामा करिब पाँच लाख रूपैयाँभन्दा बढी खर्च हुने अनुमान गरिएको छ ।

यो जात्रा २०८० मा बालकरामले र २०८१ मा वीरेन्द्रभक्तले मध्यपुरथिमिबाट पेप्सीकोला, गुहेश्वरीहुँदै पशुपति मन्दिर पुगेर दर्शन गरी सोही रुटबाट फर्केर सम्पन्न गरेको थियो । किम्वदन्तीअनुसार प्राचीनकालमा थिमिमा भूतप्रेत र पिसाचहरूले आतंक मच्चाएर जथाभावी मानिस मार्ने गरेपछि यसलाई नियन्त्रण गर्न एक जनाको जिब्रो छेडी नगर परिक्रमा गराइएको र त्यसपछि भूत, प्रेत, पिसाच भागेर शान्ति मिलेको भनाइ छ ।

भाद्र शुक्ल पूर्णिमाको साँझ, तेलमा डुबाइएको करिब एक फिट लामो फलामको सियो दिगु भैरव मन्दिरको डबलीमा पूजा गरेर जिब्रो छेड्ने र यात्रा गर्दै तोकिएको गन्तव्यमा पुगि सियो निकाल्ने परम्परा छ । जात्रा मनाएपछि नगरमा रोग, अनिकाल, प्राकृतिक विपत्तिबाट जोगिने विश्वास गरिन्छ । *रासस*

# महाकाली नदीको कटानले बस्ती जोखिममा

**दोधारा चाँदनी (कञ्चनपुर)–** महाकाली नदीको कटानले कञ्चनपुरको दोधारा-चाँदनी नगरपालिका-१० स्थित कुतियाकवर जोखिममा परेको छ ।

पूर्वमा महाकाली र उत्तरमा जोगबुढा नदीको दोसाधमा रहेको कुतियाकवर दक्षिणमा भने भारतसँग जोडिएको छ । यो बस्तीमा महाकाली नदीको लगातारको कटानले बढी क्षति पुगेको हो । स्थानीयका अनुसार नदीको कटानले यहाँ दुई बिघाभन्दा बढी जमिन नदीमा समाहित भइसकेको छ । बस्ती जोगाउन सरकारसँग पटकपटक आग्रह गरे पनि नदीको कटान रोक्न तटबन्ध निर्माण हुन नसकेको स्थानीय टेकबहादुर सुनारले बताए । उनका अनुसार डुबान र कटानका कारण यहाँबाट अधिकांश बसाइँ सरेर अन्यत्र गइसकेका छन् ।

'नदीले निरन्तर कटान गरिरहेकाले नदी बस्ती छेउमा पुगिसकको छ । सरकारले यहाँ तटबन्ध निर्माण गर्नुपर्नेमा हालसम्म नगर्दा बस्ती साघुँरिदै गएको छ,' उनले भने, 'नदीले बर्सेनी खेतीयोग्य जमिन कटान गर्दै आएको छ । हामीलाई त बस्ती नै नदीमा समाहित हुने चिन्ता बाढ्दै गएको छ ।'

वि.सं. २०२२ देखि बस्ती बसेको कुतियाकवरमा यसअघि १५० परिवारको बसोबास थियो । महाकाली र जोगबुढा नदी बस्ती पस्न थालेपछि १०० परिवार विस्थापित भएका छन् । वि.सं. २०७४ मा जोगबुढा नदीमा झोलुंगे पुल बनेर नगरसँग जोडिएपछि स्थानीयलाई केही राहत भएको थियो । त्यसअघि स्थानीयलाई नगरपालिका पुग्न ढुंगाको प्रयोग गर्नुपर्ने बाध्यता थियो ।

'विगतका वर्षमा आउने बाढीबाट धेरै दुःख पायौं,' स्थानीय खडक बुढाले भने, 'विसं २०७८ को बाढीले गाईभैंसी, बाख्रा सबै बगायो । घरमा रहेको अन्न पनि बचेन ।' यस वर्ष जोगबुढा नदीमा तटबन्ध निर्माण सुरु भएपछि डुबानबाट सुरक्षित हुने आशा गरिएको बताउँदै उनले निर्माण सम्पन्न नहुँदा निरन्तर कटान भइरहेको उल्लेख गरे । उनका अनुसार केही वर्षअघिसम्म बाक्लो बसोबास रहेको कुतियाकवर बाढीका कारण धेरै बसाइँ सरेर अन्यत्र गएपछि बस्ती पातलिँदै गएको हो । *रासस*


## काठ लिलाम बिक्री सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति २०८२/०५/१८**

यस सा.व.उ.स.बाट संकलन भएको खयर गोलिया काठ जम्मा थान १४७ को परिमाण ६३४.७१ क्यूफिट जे-जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी प्रचलित कुानन अनुसार बिक्री गर्नुपर्ने भएकाले सम्बन्धित सबैमा १५ दिने सूचना प्रकाशित गरिएको छ । विस्तृत जानकारीका लागि कार्यालय समयमा यस सा.व.उ.स.मा सम्पर्क गर्न अनुरोध छ ।

**श्री समैजी सामुदायिक वान उपभोक्ता समूह**
कृष्णपुर- ४, कञ्चनपुर

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

## कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मितिः २०७४/१२/२८ मा दर्ता भएको प्रा.लि.नं. १८७४७२ को **श्रीदेव मिडिया एण्ड प्रोडक्सन प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०२/१९ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



## कुवेत/युएइमा रोजगार

कम्पनी : JAZZ BEAUTY SALON COMPANY FOR LADIES BEAUTY — शेवा शुल्कः निःशुल्क

पूर्व स्वीकृति मिति : २०८०/१०/२३ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०५/१७ | LT. No. 299518 | चलानी नं. ६०२१४४५१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hairdresser | 0 | 4 | 150 | ६९,२७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Nail Technician. | 0 | 4 | 150 | ६९,२७५ | | | | | | | |

कम्पनी : N DOT K BEAUTY LOUNGE — शेवा शुल्कः १०,०००

पूर्व स्वीकृति मिति : २०८१/१२/२६ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०५/१७ | LT. No. 321747 | चलानी नं. ६०२३५८०८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | MANICURIST (FEMALE) | 0 | 9 | 1800 | ५७,६४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ भदौ २५ गते (10th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्होर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्होर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्होर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Omega International Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075

## कुवेतमा रोजगार

कम्पनी : EMY SNACKS RESTAURANT CO

पूर्व स्वीकृति मिति : २०८२/०५/१७ | LT. No. 330434 | चलानी नं. ६०२४४२५६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiters | 2 | 0 | 150 | ६९,२७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cook Chef | 3 | 0 | 150 | ६९,२७५ | | | | | | | |
| 3 | Barista | 3 | 0 | 150 | ६९,२७५ | | | | | | | |
| 4 | Indoor Cleaners | 2 | 0 | 85 | ३९,२५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ भदौ २५ गते (10th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्होर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्होर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्होर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**EXPRESS RECRUITER NEPAL PVT. LTD**
Govt. License No. 1613/079/080
Dhumbarahi-4, Kathmandu, Nepal, Ph. No: +977-01-5916897,5917897, E-mail : expressrecruiternepal.com, expressrecruiter.nepal@gmail.com

## साउदीमा रोजगार

कम्पनी : TAQI CONTRACTING ESTABLISHMENT

पूर्व स्वीकृति मिति : २०८२/०५/१७ | LT. No. 330443 | चलानी नं. ६०२४४२६६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Driver Truck/Trailer | 1 | 0 | 1800 | ६७,७५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ भदौ २५ गते (10th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्होर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्होर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्होर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Target Consultant Human Resources Pvt. Ltd.**
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
E-mail: info@targetnepal.com, Web: www.targetnepal.com
श्रम इजाजत नं. ८३३/०६६/०६७

## कुवेतमा रोजगार

कम्पनी : LULU CENTER HYPER MARKET

पूर्व स्वीकृति मिति : २०८२/०५/१७ | LT. No. 330430 | चलानी नं. ६०२४४२४७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Sealer/Packer | 35 | 0 | 110 | ५०,८०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ भदौ २५ गते (10th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्होर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्होर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्होर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**JOB SEEKER MANPOWER Pvt. Ltd.**
Tokha-11, Kathmandu, Nepal. Tel : +977-4390133, 4355356, 4355356,
E-mail : info@jobseekermanpower.com.np, Website :www.jobseekermanpower.com.np
श्रम इजाजत नं. १००९/०६८/६९

## कतारमा रोजगार

कम्पनी : SPHARE FIVE SERVICES

पूर्व स्वीकृति मिति : २०८२/०५/१७ | LT. No. 330425 | चलानी नं. ६०२४४२११

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner Hospital/hotel | 0 | 1 | 1000 | ३८,८०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner Public | 0 | 2 | 1200 | ४६,५६० | | | | | | | |
| 3 | Electric Welder | 1 | 0 | 1500 | ५८,२०० | | | | | | | |
| 4 | Hotel Service | 0 | 1 | 1400 | ५४,३२० | | | | | | | |
| 5 | Receptionist | 0 | 1 | 1400 | ५४,३२० | | | | | | | |
| 6 | Welder General | 1 | 0 | 1500 | ५८,२०० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ भदौ २५ गते (10th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्होर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्होर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्होर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**K.P. INTERNATIONAL OVERSEAS PVT. LTD.**
LIC No. 842/066/067
Tokha-5 kathmandu, Nepal, Tel: +977 1 5920922/ 9813333504 (Whatsapp)
E-mail : kpintloverseas@gmail.com, info@kpintloverseas.com.np, Web: www.kpintloverseas.com.np

## बहराइनमा रोजगार

कम्पनी : M S Orissa Contracting WLL

पूर्व स्वीकृति मिति : २०८१/०५/०५ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०५/१७ | LT. No. 308924 | चलानी नं.६०२२३७९०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 23 | 0 | 100 | ३७,४६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ भदौ २५ गते (10th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्होर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्होर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्होर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1657/080/81
**AL ZAHRA HUMAN RESOURCES CONSULTANCY PRIVATE LIMITED**
New Baneshwor-10, Thapagaun, Kathmandu, Landline No : 01-4586367, 4586366,
Mob: 9810003423/970-4414954, E-mail : alzahranepal@gmail.com, URL : www.alzahrahr.com

## युएइमा रोजगार

कम्पनी : SKY CLOUDS HOSPITALITY SERVICES LLC

पूर्व स्वीकृति मिति : २०८१/०८/२६ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०५/१७ | LT. No.315266 | चलानी नं. ६०२२९५५७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Housekeeping Services | 10 | 1 | 1200 | ४६,१५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ भदौ २५ गते (10th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्होर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्होर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्होर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SECURE NEPAL JOB PLACEMENT PVT . LTD**
श्रम इजाजत नं. १६४८/०८०/०८१
Sinamangal-09, Tarahall chowk, Kathmandu, Nepal, Tel : 015919873, 015917974, Mob: 9851014874
E-mail: info@securenepaljobs.com, Website : www.securenepaljobs.com

## साउदीमा रोजगार

कम्पनी : INTELLIGENT SYSTEM GENERAL CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०५/१७ | LT. No.330418 | चलानी नं. ६०२४४२०३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Equipment Driver. | 10 | 0 | 2500 | ९४,१०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ भदौ २५ गते (10th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्होर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्होर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्होर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Cosmo International Overseas Pvt. Ltd.** (Overseas Employment Consultants)
Govt. License 280/058/059
Minbhawan, Kathmandu, Nepal, Tel : +977-1-4115190, 4115191 Fax : +977-1-4115189
E-mail : cosmointlpvt@gmail.com, kcshym_2008@yahoo.com Web : www.cosmointernational.com.pn

## जीबनदीप बचत तथा ऋण सहकारी संस्था लि. काठमाडौं न्यूरोडको ऋणी श्रीमति इलिशा भण्डारीलाई कर्जा चूक्ता गर्न आउने बारेको ३५ दिने सार्बजनिक सूचना

**सूचना प्रकाशित मितिः २०८२/०५/१८**

ऋणी श्रीमति इलिशा भण्डारी यस सहकारी संस्थाबाट धित्तो जमानी कर्जा शिर्षकमा कर्जा रकम लिएकोमा कर्जाको शर्तको भाखा अनुसार समय समयमा बुझाउनु पर्ने ब्याज तथा साँबा रकम समेत नबुझाई कर्जा चुक्ता गर्नुपर्ने अन्तिम भाखा समेत ब्यतितगरी आजसम्म कर्जा सम्बन्धि कुनै पनि रकम नबुझाई अटेरगरी बसी आएकोले तपाईले लिएको कर्जा चुक्ता गर्न तपाईलाई पटक-पटक आग्रह अनुरोध गर्नुको साथै मिति २०८२/०३/०२ गतेमा ३५ (पैतिस) दिने, मिति २०८२/०४/०९ गतेमा १५ (पन्ध्र) दिने र मिति २०८२/०४/२६ गतेमा ०७ (सात) दिने सूचना समेत पठाई कर्जा चुक्ता गर्न तपाईलाई पटक-पटक आग्रह अनुरोध गर्दा आश्वासन मात्रै दिई आएको, कर्जा चुक्ता गर्न तदारूकता नदेखाएकोले उक्त कर्जा रकम आज सम्म चुक्ता नभएको कारण तपाईको तिन पुस्ते समेत उल्लेख गरी यो ३५ (पैतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सार्वजनिक सूचनाको समयभित्र तपाईले लिएको कर्जा रकम र त्यसको आज सम्मको ब्याज र हर्जाना रकमसहित चुक्तागरी फर/फारक गर्नुहुन अनुरोध छ । अन्यथा तपाईको तपसील बमोजिमको धित्तो जग्गा तथा अन्य जग्गा जमीन अचल सम्पति फेलापारी यो म्याद समाप्त भएको मितिले ७ (सात) दिनभित्र लिलाम बिक्री गरी यो संस्थाको सम्पूर्ण लेना रकम असूल उपर गरि लिनेछ ।

**तपसिल**

| क्रं. सं. | जिल्ला | साबिक गा.वि.स./ न.पा. /वडा नं. | हाल गा.पा./न.प./ उप म.न.पा.वडा नं. | कि. नं. | क्षे.फ. |
|---|---|---|---|---|---|
| १. | बाँके | हिरमिनिया -७ | नेपालगञ्ज-२३ | ३२६ | ०-०-०-० (बिघा) २०८० ब.मी. |
| २. | बाँके | हिरमिनिया -७ | नेपालगञ्ज-२३ | ४८७ | ०-०-०-० (बिघा) ७६५ ब.मी. |

**तिन पुस्ते**
ऋणी श्रीमति इलिशा भण्डारी
श्रीमान बिष्णु बहादुर रिमाल
बाबु नेत्र बहादुर भण्डारी
बाजे नेग बहादुर भण्डारी
मोबाईलनं. ९८४८०६३३८६
बाँके जिल्ला नेपालगञ्ज उ.म.न.पा.वडा नं. १२

जीवनदीप बचत तथा ऋण सहकारी संस्था लिमिटेड
JEEVANDEEP SAVING & CREDIT CO-OPERATIVE LTD.
Email: saccosjevandeep@gmail.com

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# चाडबाडको याममा विपद्बाट जोगिऔं

**चाडबाड नजिकिँदै गर्दा मनसुन भने सुध्रिएको छैन । दसैं नजिकिएको छ । सर्वसाधारणदेखि व्यापारीका लागि यो व्यापार गर्ने मौकाको पर्व हो । चाडपर्वमा मिठो खाने र राम्रो लगाउने योजना धेरैको हुन्छ । यही योजना पूरा गराउन व्यापारीहरू नजिकका बजार क्षेत्रमा सरसामान ढुवानी गर्न चाहन्छन् ।**

**सहरी क्षेत्र र गाउँ क्षेत्रबाट सामान ढुवानीको ओहोरदोहोर बढ्ने यो समयमा सडक भने वर्षाका कारण अवरुद्ध हुन थालेका छन् । अविरल वर्षाले पहिरो खस्ने, जमिन भासिने, बाढी आउनेजस्ता कारण सडक अवरुद्ध हुन थालेका हुन् । यतिमात्र हैन गाउँ जाने र गाउँबाट सहर आउने यात्रुको चाप पनि बढ्न थालेको छ । यसले गर्दा व्यवसायीले रात्रिसेवा पनि बढाउन थालेका छन् । तर गृह मन्त्रालयको पछिल्लो अपडेटअनुसार वर्षाका कारण देशका १३ स्थानमा सडक अवरुद्ध छन् । कोशी राजमार्ग, पासाङल्हामु राजमार्ग, कर्णाली राजमार्गअन्तर्गत जाजरकोटको छेडागाड र जाजरकोट–डोल्पा सडकखण्ड अहिले पहिरो झरेपछि बन्द छन् ।**

**कर्णाली राजमार्ग अवरुद्ध हुँदा स्याउ बोकेका २३ ट्रक बाटोमै रोकिएका छन् । यसले १३ करोड बराबरको १८४ मेट्रिक टन स्याउ कुहिने डर उब्जिएको छ । स्याउधनीहरूले चाँडो सडक खुलाउन सरकारसँग पहल गरिदिन माग गरिरहेका छन् । दसैंमा उपभोक्तासम्म नपुगे ठूलो क्षति बेहोर्ने निश्चित छ । तर जबरजस्ती बाटो खुल्दा राति पहिरोले धनजनकै क्षति हुने डर पनि उत्तिकै छ । धादिङ–मलेखु सडकखण्डको दारेगौंडाभिर बर्खा सुरु भएसँगै यस वर्ष पनि उच्च जोखिममा परेको छ । कालु पाण्डे मार्गअन्तर्गत धादिङको नीलकण्ठ नगरपालिका–८ ससाह नजिकै पर्ने दारेगौंडामा सडक पहिराले जोखिममा परेको हो ।**

**लगातारको वर्षाका कारण नुवाकोटको दुप्चेश्वर गाउँपालिका–३ सरमथलीमा पहिरोले एक विद्यालयसहित तीन घरमा क्षति पुगेको छ । पाँच घर उच्च जोखिममा छन् । पहिरोले सरमथलीस्थित भगवान आधारभूत विद्यालयको चारवटा कोठामा क्षति पुऱ्याएको छ । यता आइतबार रातिदेखिको अविरल वर्षाका कारण कञ्चनपुरमा ४५ घर डुबानमा परेका छन् । अविरल वर्षापछि महाकाली नदीको जलस्तर बढेको छ । जलस्तर बढेसँगै भारतीय पक्षले शारदा ब्यारेजमा चारपांग्रे र तीनपांग्रे सवारीसाधन आवागमन रोक लगाएको छ । सप्तकोशी नदीमा पानीको सतह लगातार बढ्दै गएपछि बाढीको जोखिम न्यूनीकरण गर्ने उद्देश्यले ३८ ढोका खोलिएका छन् ।**

**देशभर वर्षाको सम्भावना अझै रहने देखिन्छ । त्यसैले कुनै पनि स्थानमा सवारी गर्नुपूर्व पूर्वतयारी गरौं । जबरजस्ती नगरौं । अघिल्लो वर्ष पूर्वसावधानी नअपनाउँदा त्रिभुवन राजमार्ग र सिस्नेरी पहिरोमा ठूलो मानवीय क्षति पुगेको थियो । विगतका उदाहरणबाट सिक्दै रात्रि बस सञ्चालनमासमेत ध्यान दिऔं ।**

### श्रम सरोकार

## सामाजिक सुरक्षा कोषबाट लिन सकिने लाभ

वैदेशिक रोजगारीमा जाने श्रमिकहरूको जीवन थप सुरक्षित होस् भनेर सामाजिक सुरक्षा कोषमा अनिवार्य आबद्ध हुनुपर्ने प्रावधान लागू गरिएको छ । यसका लागि उनीहरूलाई श्रम स्वीकृति लिँदा नै कोषमा आबद्ध गराइन्छ । बाध्यकारी भएकाले श्रम स्वीकृति लिने सबै कोषमा जोडिन्छन् तर यसका फाइदाहरू थाहा नपाउँदा अधिकांशले कोषमा नियमित रकम जम्मा गर्दैनन् । जसकारण अशक्तता, दुर्घटना, मृत्युजस्ता समस्या आइपर्दा पाउनुपर्ने सुविधाबाट वञ्चित हुनुपर्ने अवस्था छ । श्रम स्वीकृति लिनेबेलामा मात्र नभई विदेशमा रहेकाहरूले पनि कोषमा आबद्ध हुन सक्छन् ।

**के-के छन् फाइदा ?**

योगदान रकमबाट उनीहरूले दुर्घटना तथा अशक्तता सुविधा तथा वृद्धावस्था सुरक्षा योजनामा सहभागी हुन पाउँछन् । यदि यस्ता श्रमिकको मृत्यु भएको अवस्थामा आश्रित परिवारलाई पनि कोषले सुविधा उपलब्ध गराउँछ । योगदान रकमको ७.४८ प्रतिशत रकम दुर्घटना तथा अशक्तता सुरक्षा योजना र आश्रित परिवार सुरक्षा योजनामा जम्मा हुन्छ । त्यस्तै वृद्धावस्था सुरक्षा योजनामा १३.८५ प्रतिशत रकम जम्मा हुने व्यवस्था छ ।

यो सुविधा पाउन घटना घटेको मितिभन्दा अघिको १२ महिनामा कम्तीमा नौ महिनाको योगदान रकम कोषमा जम्मा गरेको हुनुपर्ने प्रावधान छ । त्यस्तै, वृद्धावस्था सुरक्षा सुविधा प्राप्त गर्न भने योगदानकर्ताले वैदेशिक रोजगारी अन्त्य गरी नेपाल फर्किएको हुनुपर्छ । कोषमा हरेक महिना न्यूनतम दुई हजार दुई रूपैयाँ जम्मा गर्नुपर्छ । एकैपटक सात महिना वा सोभन्दा बढीको रकम जम्मा गरे १० प्रतिशतसम्म छुट पाइन्छ । वैदेशिक रोजगारीबाट फर्किंदा पनि कोषमा आबद्ध हुनेले विभिन्न सुविधा पाउने व्यवस्था छ ।

**योगदान रकम कसरी जम्मा गर्ने ?**

रकम जम्मा गर्न कतै जानै पर्दैन । अनलाइन भुक्तानी च्यानल प्रयोगकर्ताहरूले सजिलै जम्मा गर्न सकिन्छ । कनेक्ट आइपिएस, खल्ती, इ-सेवा, फोन पेलगायतका भुक्तानी प्रणालीमार्फत नियमित योगदान गर्न सकिन्छ ।

**नियमित योगदान नगरे के हुन्छ ?**

कोषमा नियमित योगदान नभए पाउनुपर्ने सुविधाबाट वञ्चित भइन्छ । कोषअन्तर्गतका विभिन्न योजनामध्य स्वास्थ्यसम्बन्धी सेवा पाउनका लागि पछिल्लो छ महिनाको रेकर्डमा तीन महिनाको योगदान गरेको भए पुग्छ । तर दुर्घटना, आश्रित परिवार कोषलगायतको सुविधा पाउन प्रत्येक महिना नियमितरूपमा जम्मा गरेको हुनुपर्दछ ।

# सुदूरपश्चिम सम्भावनाको द्वार, लगानीको गन्तव्य



■ नृपबहादुर सुनार

लगानीकर्ताले नाफामात्र होइन, सुरक्षाको प्रत्याभूति पनि चाहन्छन् । यसलाई ध्यानमा राख्दै प्रदेश सरकारले कर छुट र सहुलियत, लगानी सुरक्षित गर्ने कानुनी संरचना, दर्ता र अनुमतिका लागि 'एकद्वार सेवा केन्द्र', पूर्वाधार निर्माणमा सरकारी प्राथमिकता, सार्वजनिक-निजी साझेदारी प्रवर्द्धनलगायत नीतिगत व्यवस्था गरेको छ । यी व्यवस्थामार्फत प्रदेशलाई 'लगानी सुगम गन्तव्य' का रूपमा स्थापित गर्न ठोस कदम चालिएको छ । प्रदेश सरकार हाल दोस्रो पञ्चवर्षीय योजनाको तयारीमा जुटिसकेको छ, जसमा समावेशी, नवप्रवर्तनशील र लगानीमैत्री रणनीतिहरूलाई मूलधारमा ल्याउने तयारी छ ।

अपार सम्भावना हुँदाहुँदै विगतमा सुदूरपश्चिम प्रदेशमा विकासले गति लिन सकेन । त्यसैले गरिबी, दुःख, अभाव, बेरोजगारी र कठिनाइ यस प्रदेशको परिचयजस्तै बन्यो । गणतन्त्र स्थापनापछि भने यो परिचय बदल्न र नयाँ पहिचान बनाउन तिनै तहका सरकार क्रियाशील छन् । सुदूरपश्चिम केवल 'टाढाको भूगोल होइन, नजिकको सम्भावना' हो भन्ने भाष्य बनाउन विविध प्रयत्न भइरहका छन् ।

आजको विश्व आर्थिक साझेदारी र सहकार्यको नयाँ चरणमा प्रवेश गरिरहेको छ । दिगो विकास, समृद्धि र साझा प्रगति अब सरकार, समुदाय र निजी क्षेत्रबीचको सहकार्यबाट मात्रै सम्भव छ । यही दृष्टिकोणलाई आत्मसात् गर्दै प्रदेश सरकारले आफ्ना नीति, योजना र कार्यक्रममार्फत रूपान्तरणको यात्रा अघि बढाएको छ । यस अभियानमा सबैको अपनत्व र सहकार्य जुटाउन 'सुदूरपश्चिम प्रदेश विकास तथा लगानी सम्मेलन' सुरु गरिएको हो । प्रदेशलाई 'सम्भावनाको द्वार, लगानीको गन्तव्य'का रूपमा स्थापित गर्न दीर्घकालीन साझेदारी, लगानी प्रवर्द्धन र दिगो विकासतर्फ नयाँ युग सुरु गर्ने अठोटसहित यसको सुरुआत गरिएको हो । गत वर्ष असोज २१-२२ गते सम्पन्न पहिलो सम्मेलनले लगानीको आधार तयार गरिसकेको छ । अब मंसिर १-२ गते हुने दोस्रो सम्मेलनमार्फत त्यसलाई अझ गति दिने, नयाँ सम्भावना खोल्ने र दीर्घकालीन साझेदारीको वातावरण निर्माण गर्ने हाम्रो अपेक्षा छ ।

## यसकारण विकास सम्मेलन

सुदूरपश्चिम, जहाँ हरेक नदीले ऊर्जा बोक्छ । हरेक जमिनमा सम्भावना अंकुराउँछ र हरेक फाँटमा सुन्दर भविष्यको आशा लहलहाउँछ । सेती, कर्णाली र महाकालीजस्ता नदीमा पानीमात्रै होइन, विद्युत् र जल पर्यटनको ठूला अवसरहरू बगिरहेका छन् । खप्तड, बडिमालिका र अपि-सैपाल हिमाल केवल दृश्य सौन्दर्य मात्र होइनन्, विश्वभरका पर्यटकलाई मोहित पार्ने अमूल्य सम्पदा हुन् । कैलाली, कञ्चनपुरका फाँट, पहाडका कान्ला र उच्च हिमालका पाखापखेरा निर्वाहमुखी खाद्यान्नमात्रै होइन, स्वस्थ जीवनका लागि कृषि उपज र रोजगारीका लागि औद्योगिक सम्भावना पनि बोकेका छन् । यहाँका वनजंगल वन्यजन्तुका क्रिडास्थल र जडीबुटीका 'आधार इलाका' हुन् । यी सबै सन्देशलाई विश्वभर पुऱ्याउन र लगानी आकर्षित गर्न यो सम्मेलन दोस्रोपटक आयोजना हुँदै छ ।

प्रदेशलाई समृद्धि र दिगो विकासतर्फ उन्मुख गराउन सबै सरोकारवालामा साझा दृष्टिकोण निर्माण र दीर्घकालीन सहकार्य आवश्यक छ । यही उद्देश्यका लागि विकास सम्मेलन आयोजना गर्न थालिएको छ । यसले कानुनी र नीतिगत सुधार, सार्वजनिक-निजी साझेदारी तथा स्थानीय उद्यमशीलता प्रवर्द्धन गरी प्रदेशको विकासलाई एक नयाँ दिशा दिने लक्ष्य लिएको छ । सम्मेलनका मुख्य पाँच वटा उद्देश्य र महत्त्व छन्ः

**लगानी आकर्षणः** प्रदेशका प्रमुख क्षेत्रहरू (ऊर्जा, कृषि, पर्यटन, पूर्वाधार, उद्योग, डिजिटल) मा स्वदेशी तथा विदेशी लगानीकर्ताहरूलाई आकर्षित गर्नु । नयाँ लगानी प्रवाहमार्फत उत्पादन र उत्पादकत्वमा वृद्धि गरी रोजगारी सिर्जना र आर्थिक गतिशीलता प्रदान गर्नु ।

**नीति सुधार र लगानीमैत्री वातावरणः** सरलीकृत लगानी प्रक्रियाका माध्यमबाट लगानीकर्ताहरूलाई सहज अनुभव प्रदान गर्नु । सरकारी, निजी तथा अन्तर्राष्ट्रिय साझेदारहरूको सहकार्य र समन्वयलाई बलियो बनाउनु ।

**स्थानीय उद्यमशीलता र नवप्रवर्तनः** युवा उद्यमी र 'स्टार्टअप' को विकासमा प्रोत्साहन गर्नु । नवप्रवर्तनशील विचारधारालाई समर्थन गर्दै प्रतिस्पर्धात्मकता र दीर्घकालीन विकास सुनिश्चित गर्नु ।

**समग्र आर्थिक विकासः** प्रदेशको कूल घरेलु उत्पादन (जिडिपी) वृद्धिमा योगदान पुऱ्याउने । आर्थिक संरचनामा नयाँ जीवन्तता र दिगो विकास रणनीतिहरूको कार्यान्वयन गर्नु । सम्मेलनलाई यी उद्देश्य पूर्तिका लागि स्थानीय सरकार, निजी क्षेत्र, विकास साझेदार र संघीय सरकारबीचको सहकार्यलाई संस्थागत बनाउने तथा सुदूरपश्चिमको सम्भावनालाई विश्वसामु उजागर गर्ने अवसरका रूपमा लिएका छौं ।

## सुदूरपश्चिमः सम्भावना र अवसर

सामाजिक, सांस्कृतिक, भौगोलिक र जैविक विविधता तथा स्रोत र संसाधनको विविधता (प्राकृतिक, मानवीय र भौतिक संचरना) सुदूरपश्चिम प्रदेशका सामर्थ्य हुन् । यो यस्तो भूमि हो, जहाँ खप्तडका जंगलले ध्यानको गहिराइमा पुऱ्याउँछन् । अपी-सैपाललगायत हिमालले गौरवको शिखर देखाउँछन् र महाकाली-कर्णालीजस्ता नदीले विकासमा हासिल गर्न चाहेको गतिलाई बताउँछन् । यहाँका तराई, पहाड र हिमालका बस्ती, खोलानाला, पाखापखेरामा संघर्ष, साहस र संस्कारको कथा गुथिएका छन् ।

यस प्रदेशमा पेट्रोलियम पदार्थ, चुनढुंगा, पत्थर, कोइला, अभ्रक (सल्फर), फलाम, तामा, सिसा आदिका खानीको सम्भावना रहेको अनुमान छ । यहाँको तराई क्षेत्र अन्नबाली, दलहन र तेलहनको भण्डार हो भने पहाड जडीबुटी र फलफूलको उद्यानयुक्त क्षेत्र हो । व्यापारिक सम्बन्धको हिसावले पनि यो प्रदेश बहुआयामिक महत्त्वको छ । तराई र पहाडका जिल्लाको व्यापार, पारवहन र वाणिज्य सम्बन्ध भारतसँग जोडिएको छ । नजिकै भारतको उत्तराखण्ड तथा उत्तर प्रदेश राज्यहरू छन् । चीनको स्वशासित क्षेत्र तिब्बत र नेपालकै लुम्बिनी तथा कर्णाली प्रदेशसँग सिमाना जोडिएको छ ।

यी सम्भावनाका बीच पनि उचित लाभ लिन सकिएको छैन । 'ल्हासामा सुन छ कान मेरो बुच्चै' भनेझैं यहाँ उचित लगानी र विकास पूर्वाधारको अभावमा देशमै सबैभन्दा कमजोर अवस्था छ । मानव विकास सूचकांक, बहुआयामिक गरिबी, बिजुली उत्पादन, बेरोजगारी, उद्योग, कलकारखाना, कूल गार्हस्थ उत्पादनमा हाम्रो अवस्था चिन्ताजनक छ । त्यसैले यी सबै कुरालाई मध्यनजर गरी प्रदेश सरकारले विकासको गति बढाउन चाहेको छ । त्यसका लागि सबैलाई लगानीका लागि अपिल गरिरहेको छ । प्रदेश सरकारले कृषि, पर्यटन, पूर्वाधार, ऊर्जा, मानव पुँजी, सूचना तथा प्रविधि र सेवा क्षेत्रमा लगानीको बाटो खोल्ने गरी विकास प्राथमिकताको पहिचान गरेको छ । आगामी लगानी सम्मेलनलाई लक्षित गरी विभिन्न मन्त्रालय, निजी क्षेत्र र विकास साझेदारसमेतको समन्वयमा करिब ४५ वटा बहुलाभदायी परियोजना पहिचान गरिएका छन् । यहाँका सम्भावनाबारे यसरी विश्लेषण गरौंः

**ऊर्जा र जलविद्युत्ः** सुदूरपश्चिम प्रदेशमा जलविद्युत् आयोजना विकासको ठूलो सम्भावना छ । यहाँका नदी तथा खोलाबाट १५ हजार मेघावाट विद्युत् उत्पादन गर्ने क्षमता रहेको जानकारहरू बताउँछन् । छ हजार ४०० मेगावाट क्षमताको पञ्चेश्वर बहुउद्देशीय परियोजना, ४३९ मेगावाटको बेतन कर्णाली आयोजना, ७५० मेगावाटको पश्चिम सेती परियोजना र १० हजार ८०० मेगावाट क्षमताको कर्णाली परियोजना यहाँका महत्त्वपूर्ण आयोजना हुन् । बझाङ, बैतडी, दार्चुला, अछाम, डोटी, बाजुरामा केही जलविद्युत् आयोजना निर्माणाधीन अवस्थामा छन् ।

सुदूरपश्चिममा ऊर्जामा यत्रो सम्भावना छ, तर पनि यहाँ करिब १७५ मेगावाट विद्युत्मात्रै उत्पादन भइरहेको छ, जबकि देशभर करिब तीन हजार ५६५ मेगावाट बिजुली उत्पादन भइरहेको छ । यहाँ ६८० मेगावाट विद्युत् उत्पादनका लागि अनुमति लिएर विभिन्न चरणमा छन् । एक हजार ९१६ मेगावाट उत्पादन अनुमतिपत्रका लागि दरखास्त प्राप्त भएको र एक हजार २७२ मेगावाटका लागि सर्वेक्षण अनुमतिप्राप्त गरी अध्ययनको चरणमा रहेको अवस्था छ । कतिपय आयोजना सम्भाव्यता अध्ययन सकेर निर्माण सुरु हुने अवस्थामा छन् । यहाँ आन्तरिक माग, नजिकै विश्वको उदाउँदो अर्थतन्त्र भारत र त्यहाँका धेरै जनसंख्या र उद्योग भएका क्षेत्र नजिकै रहेकाले प्रदेशमा उत्पादित विद्युत् केवल आन्तरिक माग पूरा गर्नमात्र होइन, भारत र त्यहाँ हुँदै अन्य मुलुकमा निर्यात गर्न सक्ने क्षमता सम्भावना छ ।

**कृषि र कृषि उद्यमः** यहाँ कूल कृषियोग्य क्षेत्र तीन लाख ६७ हजार ६४९ हेक्टर रहेको छ । त्यसमा एक लाख ७१ हजार ८३२ हेक्टर सिंचित क्षेत्र छ । जहाँ ३८ हजार ३०० हेक्टर सिँचाइ क्षमताको रानीजमरा कुलरिया सिँचाइ आयोजना र ७१ हजार ८२० हेक्टर सिँचाइ हुने महाकाली सिँचाइ आयोजना छ । यहाँको कृषि क्षेत्रले प्रदेशको कूल गार्हस्थ उत्पादनमा करिब एकतिहाइ योगदान गरिरहेको छ । यहाँ बाजुरामा १९ हजार हेक्टर, बझाङमा १८ हजार र अछाममा ११ हजार हेक्टर ओलिभ खेतीका लागि सम्भावनायुक्त छ ।

यसर्थ धान, गहुँ र ओलिभ प्रशोधन तथा पशु आहार उद्योग यहाँको कृषि औद्योगिक आधार हुन् । यस्तै, ओखर, किवी, सुन्तला, स्याउलगायत उच्च मूल्यका बालीको उपयोग, स्थानीय रक्सी उत्पादन, जैविक तथा देशी बीउ उत्पादन कारखाना, बहुउद्देश्यीय जडीबुटी प्रशोधन केन्द्र, मसला प्रशोधन, व्यावसायिक दुग्ध उत्पादन र व्यवस्थापन गर्न सकिन्छ । त्यसबाहेक माछा उद्योग, हचाचरी, व्यावसायिक हरिण, कालिजपालनका लागि यो भूमिमा अत्यन्त सम्भावना छ । यी उत्पादनलाई प्रशोधन गरी मूल्यवृद्धि गरेर अन्तर्राष्ट्रिय बजारमा निर्यात गर्न सकिन्छ ।

**पर्यापर्यटन, साहसिक गतिविधि र धार्मिक पर्यटनः** खप्तड राष्ट्रिय निकुञ्ज, अपि-सैपाल हिमाल, बडिमालिका, उग्रतारा, शैल्यशिखर, रामारोशन, घोडाघोडी, बेहडाबाबा, मल्लिकार्जुन, उग्रताराजस्ता धार्मिक तथा प्राकृतिकस्थलले साहसिक, धार्मिक र पारिस्थितिक पर्यटनको अपार अवसर बोकेका छन् ।

खप्तड र शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज इको लज, वन्यजन्तु सफारी र वेलनेस रिट्रिट, बडिमालिका, त्रिपुरासुन्दरी, शैलेश्वरी, रामारोशन, वैद्यनाथधामजस्ता क्षेत्रहरू आध्यात्मिक र सांस्कृतिक पर्यटन, महाकाली, कर्णाली र सेतीलगायत नदीहरू र्याफ्टिङ, कायकिङ र नदी किनार इको-लजका लागि उपयुक्त छन् ।

यहाँ खस भाषाको उद्गमस्थल डोटी सभ्यता, सौका, डगौरा, राना थारुलगायत यहाँका जातजाति, भाषाभाषी, रहनसहनमा आधारित होमस्टे, फार्म टु टेबल अनुभव र हिमालयन ट्रेकिङमार्गको विकासको माध्यमबाट लाभ लिन सकिन्छ । यसमा तीर्थस्थल र संरक्षित क्षेत्रलक्षित रिसोर्ट, हाइवे विश्रामस्थल, केवलकार, सम्मेलन केन्द्र, पार्कहरू लगानीका क्षेत्र हुन सक्छन् ।

**उद्योग पूर्वाधार र सहरी विकासः** यहाँका नौ जिल्लामा २५ भन्दा बढी खनिजहरू पहिचान गरिएका छन् । प्रमुख खनिजका लागि ४० भन्दा बढी अन्वेषण अनुमतिपत्र जारी गरिएका छन् । टालक, ग्रेनाइट र धातु खानी (सिसा, तामा, जिंक), मूल्यवान चुनढुंगा-सिमेन्ट परियोजनामार्फत खनिज केन्द्रहरू बनाउन सकिन्छ । क्षेत्रीय आपूर्ति शृंखलाका लागि रासायनिक र मल उद्योग, काठ, काठ प्रशोधन र सिजनिङ प्लान्टहरू, ग्रेनाइट र धातु हस्तकला उद्योग लगानीका क्षेत्र हुन् ।

यस्तै, सडक स्तरोन्नति, इन्धन स्टेसन, विद्युतीय सवारी चार्जिङ स्टेसनजस्ता हाइवे र पुल परियोजना, पर्यटकका लागि चार्टर्ड उडान, हवाई सेवा तथा विमानस्थल स्तरोन्नति र सार्वजनिक यातायात, आवास, पानी र सरसफाइ, मनोरञ्जन क्षेत्रहरूमार्फत रणनीतिक लगानीका अवसर छन् । यसका साथै डुडेझारी, दैजी छेला औद्योगिक क्षेत्र र दोधारा चाँदनी सुक्खा बन्दरगाह विकास ।

**शिक्षा, स्वास्थ्य, खेलकुद र सूचना प्रविधिः** हाल यहाँ चिकित्सक जनसंख्या अनुपात १ः १९००० छ । जबकि विश्व स्वास्थ्य संगठनको मापदण्ड १ः१००० छ । यसर्थ ई-हेल्थ, डाइग्नोस्टिक र ग्रामीण पहुँचका लागि लगानीको प्रचुर सम्भावना छ । यहाँ जनसंख्याको ४३ प्रतिशत १९ वर्षमुनिका युवा छन् । समग्रमा ६० प्रतिशत युवाको उपस्थिति छ । यस्तो अवस्थामा आवासीय नमूना विद्यालय, पोली-टेक्निक, प्राविधिक शिक्षालय, मेडिकल कलेज, डिजिटल पूर्वाधार, ग्रामीण बजार विस्तार, सफ्टवेयर विकास र आइटी सेवा, आइटी हब, प्राविधिक इन्क्युबेटर र डेटा सेन्टरमा लगानी गर्न सकिने प्रशस्त ठाउँ छ ।

पछिल्लो समय लगानीको अर्को क्षेत्र खेल पूर्वाधार हो । खेल क्षेत्रमा सुदूरपश्चिमको योगदान करिब ४० प्रतिशत रहेको विज्ञहरूको दाबी छ । खेलाडी र यहाँका दर्शकको लगाव अत्यधिक छ, नेपाल प्रिमियर लिग (एनपिएल) त्यसको उदाहरण हो । नेपाल क्रिकट संघका अध्यक्ष चतुरबहादुर चन्दले काठमाडौंको क्रिकेट ग्राउण्डमा उपस्थित करिब ७० प्रतिशत दर्शक सुदूरपश्चिमकै र ९६ मध्ये २८ वटा खेलाडी सुदूरपश्चिमकै रहेको बताउँदै थिए । यसलाई अर्थतन्त्रसँग जोड्न यहाँ पर्याप्त ठाउँ छ ।

## सुदूरपश्चिम किन अबको गन्तव्य ?

**सीमापार व्यापार र ठूलो बजार पहुँचः** भारतसँगको खुला सीमा, निकट बजार र यातायात सञ्जालले सुदूरपश्चिमलाई क्षेत्रीय व्यापारिक केन्द्र बनाउन सक्छ । भारतका दुई प्रमुख राज्यहरू उत्तराखण्ड र उत्तरप्रदेशसँग हामी जोडिएका छौं, जहाँ २७ करोड जनसंख्या छ । दिल्ली, लखनऊ, बरेली, देहरादुन र अन्य सहरमा सहज सडक पहुँच छ । त्यसैले यहाँको उत्पादन र ऊर्जा खपतका लागि पर्याप्त अवसर छन् ।

**हरित अर्थतन्त्रको केन्द्रबिन्दुः** देशमै बढी वन क्षेत्र रहेको यस प्रदेशमा जलवायु प्रतिरोधात्मक, नवीकरणीय ऊर्जा र स्वच्छ ऊर्जा आधारित जीविकोपार्जनका अवसर छन् ।

**'भर्जिन ल्याण्ड'ः** धार्मिक क्षेत्र, सांस्कृति विविधता र पर्यापर्यटनका दृष्टिले 'भर्जिन' ल्याण्ड छ । यहाँ भारतीय धार्मिक पर्यटकदेखि साहसिक विश्वपर्यटनलाई लोभ्याउन सम्पदाहरू छन् ।

**श्रम केन्द्रित युवा जनशक्तिः** अहिलेको विश्वको सबैभन्दा ठूलो सम्पत्ति मानव पुँजी नै हो । सुदूरपश्चिममा हाल १९ वर्षमुनिको जनशक्ति ४३ प्रतिशत र ६० वर्षमुनिको युवाको हिस्सा ६० प्रतिशत छ । यो मानव पुँजीलाई उत्पादनमा लगाउन र श्रम केन्द्रित उद्यमका लागि तयार गरी लाभ लिन सकिन्छ ।

**मूल्य शृंखला क्षमताः** घरेलु र सीमापारी बजारका लागि कच्चा पदार्थको उत्पादन र आपूर्तिको अपार उपलब्धता छ ।

**प्रदेश सरकारको लगानीमैत्री सोच र तयारीः** लगानीकर्ताले नाफामात्र होइन, सुरक्षाको प्रत्याभूति पनि चाहन्छन् । यसलाई ध्यानमा राख्दै प्रदेश सरकारले कर छुट र सहुलियत, लगानी सुरक्षित गर्ने कानुनी संरचना, दर्ता र अनुमतिका लागि 'एकद्वार सेवा केन्द्र', पूर्वाधार निर्माणमा सरकारी प्राथमिकता, सार्वजनिक-निजी साझेदारी प्रवर्द्धनलगायत नीतिगत व्यवस्था गरेको छ । यी व्यवस्थामार्फत प्रदेशलाई 'लगानी सुगम गन्तव्य' का रूपमा स्थापित गर्न ठोस कदम चालिएको छ । प्रदेश सरकार हाल दोस्रो पञ्चवर्षीय योजनाको तयारीमा जुटिसकेको छ, जसमा समावेशी, नवप्रवर्तनशील र लगानीमैत्री रणनीतिहरूलाई मूलधारमा ल्याउने तयारी छ । यस योजनामा नजी क्षेत्र निर्देशित विकास ढाँचालाई केन्द्रमा राख्ने दिशामा कार्य भइरहेको छ । यी कार्यले लगानीकर्तालाई सहजता, विश्वास र दीर्घकालीन नाफा सुनिश्चित गर्ने छ भन्ने हाम्रो विश्वास हो ।

## 'समृद्धिको यात्रामा साझेदारी'

प्रदेश सरकारले पहिलो पञ्चवर्षीय योजना (२०७८/७९–२०८२/८३) अवधिमा कुन क्षेत्रमा कस्तो उपलब्धि हासिल गर्ने भनेर लक्ष्य निर्धारण गरेको छ । यस अवधिमा आर्थिक वृद्धिदर ३.६ बाट २०८२/८३ सम्म १०.५ प्रतिशत पुऱ्याउने 'महत्त्वाकांक्षी' लक्ष्य निर्धारण गरिएको छ । यस्तै, प्रतिव्यक्ति आय वार्षिक ९१८ अमेरिकी डलरबाट एक हजार ७१५ डलर पुऱ्याउने भनिएको छ । निरपेक्ष गरिबीको रेखामुनि रहेको जनसंख्यालाई २४.६ प्रतिशतबाट ११ प्रतिशतमा झार्ने तथा बहुआयामिक गरिबीमा रहेको जनसंख्यालाई २५.३ प्रतिशतबाट १३ प्रतिशतमा झार्ने लक्ष्य राखेको छ ।

यस्तै, मानव विकास सूचकांकलाई ०.५४७ बाट ०.६२१ मा पुऱ्याउने, अपेक्षित आयु ६९.८ बाट ७२ वर्ष पुऱ्याउने, बेरोजगारी दर ७.५ प्रतिशतमा झार्ने तथा ९९ प्रतिशत जनसंख्यामा विद्युत् पहुँच पुऱ्याउने लक्ष्य लिइएको छ । अब हामी अन्तिम वर्षमा छौं, हालसम्मका तथ्यांकले पूर्वनिर्धारित लक्ष्य भेट्टाउन मुस्किल छ । त्यसैले हामी के निष्कर्षमा पुगेका छौं भने प्रदेशको समृद्धि केवल सरकारको एकल प्रयासले सम्भव हुँदैन । निजी क्षेत्र, वैदेशिक लगानीकर्ता, प्रवासी नेपाली, सहकारी संस्था र स्थानीय समुदाय सबैको सहभागिताबाट मात्रै यो सम्भव छ । त्यसका लागि प्रदेश सरकारले सरकारले साझेदारी, सहकार्य र पारदर्शितामा आधारित आर्थिक विकासलाई प्राथमिकता दिएको छ ।

यस सम्मेलनमार्फत हामी सबैलाई एकै थलोमा ल्याएर पूर्वनिर्धारित लक्ष्य पछ्याउन र सम्भावनाको नयाँ अध्याय खोल्ने सपना देखिरहेका छौं । त्यसैले प्रदेश सरकारले प्रदेशका सपना, आशा र सम्भावनामा लगानी गर्न सबैलाई निम्तो गरिरहेका छौं । प्रदेश सरकारले बिजुली उत्पादन गरेर उज्यालो फैलाउन, उद्योग खोलेर रोजगारी सिर्जना गर्न, कृषिलाई समुन्नतिको आधार बनाउन, पर्यटन विकासमार्फत हाम्रो सौन्दर्यलाई संसारभर पुऱ्याउन आह्वान गरिरहेको छ ।

प्रदेश नीति तथा योजना आयोग र सिंगो प्रदेश सरकारले बुझेको छ- लगानी केवल पैसा होइन, विश्वास पनि हो । त्यसैले सुदूरपश्चिम प्रदेश सरकारले लगानीकर्ताको नाफा र व्यवसाय सुरक्षा, सहज अनुमति प्रक्रिया, कर प्रोत्साहन, कानुनी तथा नीतिगत सहजीकरण, सार्वजनिक-निजी साझेदारीजस्ता आधारहरू तयार गरिसकेको छ । सुदूरपश्चिमलाई अब अवसरहरूको भूमिमा बदल्ने सरकारको अठोट छ । त्यसमा नीति तथा योजना आयोगले आवश्यक योगदान गरिरहेको छ । हामी सबैलाई अपिल गर्दछौं- आउनुहोस् सँगसँगै हातेमालो गरौं । तपाईं-हाम्रो सहकार्यले उपलब्ध स्रोतको भरपूर उपयोग गर्ने छ । त्यसले रोजगारी सिर्जना गर्ने छ । नागरिकको जीवन बदल्ने छ र यसले प्रदेशलाई मात्र नभई सिंगो नेपाललाई समृद्धितर्फ डोऱ्याउन योगदान पुग्ने छ । *रासस*

*(लेखक सुदूरपश्चिम प्रदेश नीति तथा योजना आयोगको सदस्य हुन्)*

# चाडबाडमा अवरुद्ध हुन नदिन बिपी राजमार्गको पुन:मर्मत गरिँदै



■ प्रभाव संवाददाता

**काभ्रेपलाञ्चोक–** बिपी राजमार्गमा आसन्न चाडबाडमा अवरुद्ध हुन नदिन पुनः मर्मत गरिने भएको छ । हालको मनसुनमासमेत अवरुद्ध हुन नदिइएको उक्त राजमार्गको क्षतिग्रस्त सडक दुई हप्ताभित्र पुनः मर्मत गरिसक्ने सडक डिभिजन कार्यालय भक्तपुरले जानकारी दिएको छ । करिब एक वर्षअघिको बाढीपहिरोले क्षतिविक्षत बनाएपछि अस्थायी निर्माण गरी राजमार्ग सञ्चालन भइरहेको कार्यालय प्रमुख सिनियर डिभिजनल इन्जिनियर सुमन योगेशले जानकारी दिए ।

कार्यालयले बाढीपहिरोपश्चात् पहिलाकोभन्दा केही फिट उचाइमा अस्थायी फिलिङ गरी यातायात सञ्चालनार्थ निर्माण गरिएको सडक हालको वर्षामा क्षति हुन नदिन सतर्कता अपनाउँदै 'इक्युपमेन्ट' र संरचना निर्माण गरेको जानकारी दिएको छ । बाढीले क्षति गर्नसक्ने काभ्रेपलाञ्चोकतर्फको चौकीडाँडा, कटुञ्जेबेँसी, मंगलटार र मास्तीमा हुनसक्ने क्षति रोक्न ग्याबियन जालीको पर्खाल लगाइएको र सडक अवरुद्ध भइहाले पन्छाउन ठूला बोल्डर तयारी अवस्थामा राखिएको थियो । कार्यालयले वर्षायाममा बाढीपहिरोका कारण हुनसक्ने राजमार्ग अवरुद्ध तत्काल हटाउन सडक पुनर्निर्माणका लागि ठेक्का लागेको सडकखण्डमा निर्माण व्यवसायीको १५-१५ वटा उपकरणका साथै डिभिजनले डोजर, टिपर, लोडरलगायत सात उपकरण तयारी अवस्थामा राखिएको कार्यालय प्रमुख सिनियर डिभिजनल इञ्जिनियर योगेशले बताए ।

२०८१ असोजको बाढीपहिरोले क्षतिग्रस्त बिपी राजमार्गअन्तर्गत २९ किलोमिटर सडकलाई चार खण्डमा पुनर्निर्माण गर्नेगरी प्रक्रिया अघि बढाएको छ । बाढीपहिराले आठ किलोमिटर सडक पूरै बगाएको थियो । क्षतिग्रस्त बिपी राजमार्गको पुनर्निर्माणका लागि काभ्रेपलाञ्चोक क्षेत्रमा तीन खण्ड र सिन्धुलीतर्फ एक खण्डमा दुई वर्षभित्र सम्पन्न गर्ने लक्ष्यसहित काम हुने भएको हो ।

उक्त सडकखण्ड क्षतिग्रस्त भएपछि गत सालको दसैंमा त्यसमार्ग भएर पूर्वतर्फ घर जान चाहनेहरूले वैकल्पिक मार्ग प्रयोग गरे । 'यो मनसुनमा राजमार्ग अवरुद्ध हुन दिइएन, अब दसैंलगायत चाडपर्वमा अवरुद्ध हुन नदिन पुनः मर्मत थाल्दैछौं,' योगेशले भने । उनका अनुसार बाढीपहिरो आए निर्माण व्यवसायीले खुलाउने छन् । यसका लागि ठेक्का लागेका व्यवयासी मेसिन लिएर बाढीपहिरो आए सडक खुलाउन तैनाथ रहेको योगशेको भनाइ छ । चाडवाडलाई मध्यनजर गर्दै खाल्डाखुल्डी पुर्दै सडक सुधार गर्ने योजना रहेको जनाइएको छ ।

उक्त राजमार्गमा भदौ १६ गतेदेखि थप १५ दिन सवारी सञ्चालनमा रोक लगाइएको छ । जोखिमका कारण गत असार ७ गतेदेखि राति सवारी सञ्चालनमा रोक लगाउँदै आइएकामा भदौ मसान्तसम्म रातको समयमा १२ घण्टा रोक लगाइएको जिल्ला प्रशासन कार्यालय काभ्रेपलाञ्चोकले जानकारी दिएको छ ।

जिल्ला सुरक्षा समितिको आइतबार सम्पन्न बैठकले उक्त राजमार्गमा साँझ ५:०० देखि बिहान ५:०० बजेसम्म राजमार्गमा यात्रुवाहक तथा निजी सवारी सञ्चालनमा रोक लगाउने निर्णय गरेको हो । कार्यालयले उक्त राजमार्गअन्तर्गत जिल्लाको काभ्रेभञ्ज्याङबाट सिन्धुली-सीमा नेपालथोकसम्म थप १५ दिन रोक लगाइएको जानकारी दिएको छ ।

हाल दैनिक करिब तीन हजार सवारीसाधन आवतजावत गर्ने उक्त राजमार्गमा चाडवाडका बखत तेब्बर सवारीसाधन ओहोरदोहोर गर्छन् । उक्त राजमार्ग दुई वर्षमा पुनर्निर्माणका लागि हाल काभ्रेपलाञ्चोकतर्फ दुई र सिन्धुलीतर्फ एक गरी तीन प्याकेज बनाएर ठेक्का सम्झौता गरिएको छ । स्थायी निर्माणको काम भने मनसुन बाहिरिएपछि मात्र सुरु हुने जनाइएको छ । क्षतिग्रस्त राजमार्गको पाँच किलोमिटर सडकखण्डमा जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका)ले काम गर्ने छ । जाइकाले पिप्लेबाट बर्खे खोलासम्म ३.२ किलोमिटर सडक निर्माण गर्ने छ । त्यसका लागि अन्तिम सर्भेको काम सकिएको छ । ठेक्का सम्झौता नहुञ्जेल यस खण्डको मर्मतसम्भारको काम कार्यालयअन्तर्गत नै हुने योगेशले बताए । यस राजमार्ग हाल इन्टरमिडियट लेनको छ भने अब दुई लेनको निर्माण हुने भएको हो ।

सरकारले क्षतिग्रस्त बिपी राजमार्गको स्थायी निर्माण र मर्मतका लागि भक्तपुर सडक डिभिजनलाई सात अर्ब ५० करोड रूपैयाँ र सिन्धुलीको खुर्कोट सडकखण्डलाई एक अर्ब रूपैयाँ उपलब्ध गराएको छ । जापान सरकारको अनुदान सहयोगमा आर्थिक वर्ष २०५३/५४ बाट बिपी राजमार्ग (धुलिखेल-सिन्धुली-बर्दिबास १६० किलोमिटर सडक) निर्माण कार्य सुरु गरिएको थियो । खण्डखण्ड विभाजन गरी निर्माण सम्पन्न राजमार्गको २०७२ साल असार १८ गते औपचारिक रूपमा जापान सरकारले नेपाल सरकारलाई हस्तान्तरण गरेको थियो । उक्त राजमार्ग केन्द्रीय राजधानी काठमाडौंलाई मध्यपहाडी तथा पूर्वी नेपालसँग जोड्ने छोटो मार्गका रूपमा लिइएको छ ।

## चौरजहारी नगरपालिका
## नगर कार्यपलिकाको कार्यालय
रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल

### नदीजन्य पदार्थको विक्रीका लागि बोलपत्र आव्हान सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८२/०५/१८)

स्थानीय सरकार सञ्चालन ऐन, २०७४, को दफा ११ को उपदफा (२) को घ (६) र कर्णाली प्रदेशको आर्थिक ऐन, २०८२ को व्यवस्था बमोजिम तपसिलमा उल्लिखित नदी तथा खोलाहरूको स्वीकृत घाटहरूबाट निर्धारित मापदण्डबमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी चौरजहारी नगरपालिकाले तोकिको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरूले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाणपत्र वा म्याद थपको प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न गरी तपसिल बमोजिमका सर्तहरूको अधीनमा रही बोलपत्र प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल

| ठेक्का नं. | खण्ड | संकलन र उत्खनन गरिने क्षेत्र | वडा नं. | अधिकतम उत्खनन् परिणाम (घन फिट) | न्यूनतम बोलपत्र रकम (सेवा शुल्क र मू.अ. कर बाहेक) | बोलपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|
| CJM/RIVERBED/NCB/02/082/083 | क | चौरजहारी नगरपालिकास्थित भेरी नदीको बाँस खोला, रानीसागर घाटबाट ढुङ्गा, गिट्टी, बालुवा उत्खनन कार्य । | वडा नं. १ र २ | ६७०८९०।०० | रू. ३३५४४५०।०० | ३०००।०० |
| CJM/RIVERBED/NCB/03/082/083 | ख | चौरजहारी नगरपालिका स्थित भेरी नदी लामाबगर घाटबाट ढुङ्गा, गिट्टी, बालुवा उत्खनन कार्य । | वडान. ३ | १३७७०९०।०० | रू. ६८८५४५०।०० | ३०००।०० |
| CJM/RIVERBED/NCB/04/082/083 | ग | चौरजहारी नगरपालिकास्थित जहारी खोला, खहरेखोला टोटा खोला, कालीगारबाट ढुङ्गा, गिट्टी, बालुवा उत्खनन कार्य | वडा नं. ६,७ र ४ | ८१२१३०।०० | रू. ४०६०६५०।०० | ३०००।०० |

**नोटः** विस्तृत जानकारीको लागि यस कार्यालयको website www.chaurjaharimun.gov.np र www.bolpatra.gov.np/egp मा समेत हेर्न सकिनेछ ।

**पृष्ठ १ बाट क्रमशः**

## सरकारविरूद्धको...

दिई सोअगावै देहायका कार्यहरू सम्पन्न गर्नू,' आदेशमा भनिएको छ, 'प्रस्तुत निवेदनमा नेपालको संविधानको धारा १००(२) को व्याख्याको जटिल संवैधानिक प्रश्न समावेश भएको देखिँदा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम २३(२) ग बमोजिम पूर्ण इजलासमा पेस गर्नू ।'

अदालतले वर्तमान सरकार गठन हुँदाको २०८१ असार ३१ मा गठन हुँदाका बखत पेस भएको दलहरूको समर्थन पत्र राष्ट्रपति कार्यालयबाट झिकाउन भनेको छ । आदेशमा २०८१ साउन ६ गते वर्तमान सरकारलाई विश्वासको मत दिने राजीतिक दलहरूपिच्छेको मतसंख्या देखिने विवरण संघीय संसद् सचिवालयबाट झिकाउन भनिएको छ ।

अदालतले २०८१ साउन ६ मा वर्तमान सरकारलाई विश्वासको मत दिने सम्बन्धमा नागरिक उन्मुक्ति पार्टी, जनता समाजवादी पार्टी र जनता समाजवादी पार्टी (जसपा) नेपालबाट भएको निर्णयसम्बन्धी राजनीतिक दलको कार्यालयबाट कागजात झिकाउन भनिएको छ । अधिवक्ता वीरेन्द्र केसीले जसपा नेपाल र नागरिक उन्मुक्ति पार्टीले सरकारलाई दिएको समर्थन फिर्ता लिएकाले प्रधानमन्त्रीले ३० दिनभित्र प्रतिनिधिसभाबाट विश्वासको मत लिनुपर्नेमा नलिएको उल्लेख गर्दै सर्वोच्च अदालतमा रिट निवेदन दायर गरेका थिए ।

■■■

## मिटरब्याजी...

उक्त घरमा अनुसन्धान गर्न पुग्दा प्रहरीले पैसाका बिटा चामलको बोरामा लुकाएर राखेको भेटिएको उनले बताए । भारीमात्रामा हजारको नोट भेटिएपछि प्रहरीले नोट गन्ने मेसिन मगाएर पैसा गनेको थियो । उक्त रकमको स्रोत नखुलेपछि प्रहरीले श्रेष्ठलाई पनि पक्राउ गरेको छ ।

प्रहरीका अनुसार श्रेष्ठ मिटरब्याजी भएको खुलेको छ । उनले सुन धितो राखेर मिटरब्याजमा पैसा लगानी गर्ने गरेको खुलेको प्रहरीले दाबी गरेको छ । मंगलबार दिउँसो १ बजे प्रहरी पुग्दा छिमेकीले पनि उनी ब्याजमा पैसा लगानी गर्ने व्यक्ति भएको बताएका थिए । 'प्रारम्भिक अनुसन्धानका क्रममा उनी मिटरब्याजी रहेको देखिन्छ । सुनको गहना धितो राखेर लेनदेन गरेको देखिन्छ,' प्रवक्ता बोहराले भने । यसबारे विस्तृत अनुसन्धान हुन बाँकी रहेको उनले बताए ।

पक्राउ परेका श्रेष्ठले आफ्नो छोराहरूको कम्पनी रहेको र बैंकमा धेरै रकम कारोबार गर्न नपाउने भएपछि घरबाट नै कारोबार गर्ने गरेको बताएका छन् । सुन पसलमा धितो राखिएका गरगहनासमेत उनको घरमा भेटिएको प्रहरीले जनाएको छ । गर्जो टार्न सर्वसाधारणले सुन पसलमा धितो राखेका गहना, उच्च ब्याज लिएर लिएका गहना पनि उनको साथमा भेटिएको प्रहरीको अनुसन्धानमा देखिएको छ । पछिल्लो समय वैदेशिक रोजगार, शिक्षालगाय विभिन्न कामका लागि ऋण लिने क्रम बढ्दो छ । बैंकबाट सहजै ऋण नपाउने भएपछि चर्को ब्याजमा धितो पास, गहना राखेर व्यक्तिबाट ऋण लिने क्रम बढ्न थालेको व्यवसायीहरू बताउँछन् ।

ऋण लिन कडाइ गरिएसँगै कतिपयले बैंकमा रकम नराखी बढी ब्याज पाइने आशमा यस्ता व्यक्तिलाई विश्वास गर्ने गरेको पाइएको छ । श्रेष्ठलेझैं धेरै ब्याज दिने व्यक्तिहरूको खोजीमा लगानीकर्ताहरू रहेको बताइन्छ । यस विषयमा पनि अनुसन्धान गरिरहेको प्रहरीले जानकारी दिएको छ ।

**साउदीमा रोजगार** कम्पनी : SHAY KURB SHOP FOR BEVERAGES ESTABLISHMENT

पूर्व स्वीकृति मिति : २०८२/०५/१३ LT. No. 330209 चलानी नं. ६०२४४२७२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Coffee Maker | 3 | 0 | 1200 | ४५,१६९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ २५ गते (10th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Overseas Employment (P.) Ltd.
Bhimsengola, Baneshwor-34, Kathmandu, Nepal Tel:+977-1-4110069, E-mail: overseas4employment@gmail.com
श्रम इजाजत नं. १२०८/०७३/०७४

**युएईमा रोजगार** कम्पनी : ADVANCED AGRICULTURAL SYSTEMS L L C

पूर्व स्वीकृति मिति : २०८२/०२/२७ पुन विज्ञापन स्वीकृति मिति : २०८२/०५/१७ LT. No. 325406 चलानी नं. ६०२३९३३१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Agriculture Worker | 10 | 0 | 800 | ३०,७७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Gardener Worker | 5 | 0 | 800 | ३०,७७० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ २५ गते (10th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

E.U.Bright Future Pvt. Ltd. (PRESTIGE H.R. SOLUTION PVT.LTD.)
Tokha Municipality-10, Kathmandu, Nepal, Tel: 01-4975111, Email: eubrightfuture626@gmail.com
श्रम इजाजत नं. ११७३/०७३/०७४

**कतारमा रोजगार** कम्पनी : POPEYE RESTAURANT

पूर्व स्वीकृति मिति : २०८२/०५/१७ LT. No. 330403 चलानी नं. ६०२४४२१६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter | 0 | 1 | 1400 | ५४,३२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Assistant Cook | 2 | 0 | 1400 | ५४,३२० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ २५ गते (10th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

NEPAL INTERNATIONAL OVERSEAS PVT. LTD.
Samakhusi Chowk-3, Jaldhara Marga, Kathmandu, Tel no. 015901301, 015906301, +977-9818422157/ 9803503571/985-1043059, Email : niopl2017@gmail.com, info@niopl.com, Web: www.nepaloverseasgency.com
Lic No. 632/063/64

**साउदीमा रोजगार** कम्पनी : SECURE SUPPLY CONTRACTING EST

पूर्व स्वीकृति मिति : २०८२/०५/१५ LT. No.330373 चलानी नं. ६०२४४१६३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading & Unloading Workers | 3 | 0 | 1000 | ३७,४९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ २४ गते (9th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

यो विज्ञापन LT No. 330373 मितिः २०८२/०५/१७ मा प्रकाशित हुनुपर्नेमा भूलबस छुट्न गएकोले आज प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ ।

Cosmo International Overseas Pvt. Ltd. (Overseas Employment Consultants)
Minbhawan, Kathmandu, Nepal, Tel : +977-1-4115190, 4115191 Fax : +977-1-4115189
E-mail : cosmointlpvt@gmail.com, kcshym_2008@yahoo.com Web : www. cosmointernational.com.pn
Govt. License 280/058/059

## टिम भेञ्चर्स लिमिटेडको
### दोस्रो वार्षिक साधारण सभा सम्बन्धी सूचना

(दोस्रो पटक प्रकाशित मितिः २०८२।०५।१८)

यस टिम भेञ्चर्स लिमिटेडको मिति २०८२।०५।०१ मा बसेको संचालक समितिको बैठकको निर्णयानुसार यस कम्पनीको दोस्रो वार्षिक साधारण सभा देहायका विषयहरूमा छलफल तथा निर्णय गर्नका लागि निम्न लिखित मिति, समय र स्थानमा बस्ने भएको हुँदा कम्पनी ऐन २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारी तथा उपस्थितिका लागि अनुरोध गर्दछु ।

**साधारण सभा हुने मिति, समय र स्थान** :
**मिति**ः २०८२।०६।०३ गते (तदनुसार सेप्टेम्बर १९, २०२५), शुक्रबार ।
**समय**ः दिउसो ३:०० बजे ।
**स्थान**ः दूसिट प्रिन्सेस, लाजिम्पाट, काठमाडौं ।

**छलफलका विषयहरूः**
**(क) सामान्य प्रस्ताब** :
१) आर्थिक वर्ष २०८१।८२ को संचालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२) लेखापरीक्षकको प्रतिवेदन सहित २०८२ आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण तथा सोही मितिमा समाप्त
३) भएको आर्थिक वर्ष २०८१।८२ को नाफा नोक्सान विवरण, नगद प्रवाह विवरण लगायत सम्पूर्ण वित्तीय विवरणहरु उपर छलफल गरी पारित गर्ने ।
कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.व. २०६२।०६३ को बाह्य लेखापरिक्षण कार्यको लागि लेखापरीक्षक नियुक्ती गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।
४) सञ्चालक समितिबाट नियुक्त भएको संचालक अनुमोदन गर्ने सम्बन्धमा ।

**(ख) विशेष प्रस्ताव**
१) कम्पनीको पूँजी बृद्धि गर्ने, सोही बमोजिम प्रबन्धप्रत्रमा संशोधन गर्ने सम्बन्धमा ।
२) प्रबन्धपत्र र नियमावलीमा समसामयिक संशोधन र थप गर्ने ।
३) प्रबन्धपत्र र नियमावली संशोधन स्वीकृतिको क्रममा नियमनकारी निकायबाट कुनै फेरबदल, थपघट गर्न निर्देशन वा सुझाव भएमा सोही बमोजिम गर्न सञ्चालकलाई वा सञ्चालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रत्यायोजन गर्ने ।
४) प्रारम्भिक सार्वजानिक निष्काशन (IPO) गर्ने बारे ।
५) कम्पनी गाभ्ने सम्बन्धमा ।

**(ग) विविध**

संचालक समितिको निर्णयानुसार कम्पनी सचिव

**दोस्रो वार्षिक साधारण सभा सम्बन्धी थप जानकारीहरू** :
शेयरधनी महानुभावलाई शेयरधनीको दर्ता किताबमा कायम रहेको इमेल ठेगानामा कम्पनीको दोस्रो वार्षिक साधारण सभा बस्ने जानकारी पत्रका साथै वार्षिक प्रतिवेदन पुस्तिकाको विद्युतीय प्रति पठाउने व्यवस्था गरिएको छ । कुनै कारणवश उक्त पुस्तिका नपाउनु भएमा कम्पनीको रजिष्टर्ड कार्यालय, शक्तिविनायक मार्ग, गैरिगाँउ काठमाण्डौंबाट प्राप्त गर्न सक्नु हुनेछ ।

**अन्य जानकारीको लागि कम्पनीको रजिष्टर्ड कार्यालय, शक्तिविनायक मार्ग, गैरीगाउ, काठमाण्डौमा सम्पर्क राख्नु हुन अनुरोध छ ।**

# टिजरमा चलचित्र 'प्रेम गीता'



■ प्रभाव संवाददाता

**काठमाडौं–** राजेन्द्र बस्नेतको निर्देशनमा बनेको चलचित्र 'प्रेम गीता'को टिजर सार्वजनिक भएको छ । निर्माण पक्षले चलचित्रको १ मिनेट ११ सेकेण्डको टिजर ओएसआरको युट्युब च्यानलमार्फत मंगलबार सार्वजनिक गरिएको हो ।

टिजरमा चलचित्रका मुख्य कलाकार जाहान्वी बस्नेत,साजिद खान,सुशील पोखरेल लगायतलाई देख्न सकिन्छ । साथै टिजरमार्फत यो फिल्म लभ स्टोरी,बिछोड र एक्सन पाउन सकिन्छ ।

समसामयिक कथामा आधारित फिल्मको टिजरले केही कथा रहस्य रहेको खुलाउन खोजेको छ । यो फिल्ममा प्रेमपछिको बिछोडको कुरालाई उठाउन खोजेको हो की भन्ने बुझ्न सकिन्छ । ग्रीन प्यारोटस् फिल्म प्रोडक्सन प्रालिको ब्यानरमा निर्माण भएको यस फिल्ममा सुशील पोखरेल, जाहन्वी बस्नेत, साजिद खान, आशा पौडेल, अर्जुन गुरुङ (भँगेरी डन), दीपक केसी, खुस्बु पाण्डे, माधव केसी, मानसी शर्मा, दीपशन लिम्बु, मौसम खड्का र ममता माझीको अभिनय रहनेछ ।

साजिद खान प्रस्तुतकर्ता रहेको चलचित्मार अयाज अलि खान निर्माता छन् । विनयराज पौडेल मुख्य सहायक निर्देशक रहेको चलचित्रमा मौनता श्रेष्ठको लेखन, रामेश्वर हुँमागाईको छायाङ्कन, भरत बस्नेतको सङ्गीत, राजु किराँतको द्वन्द्व, रामजी लामिछानेको कोरियोग्राफी रहनेछ ।

निर्देशक बस्नेतले यसै फिल्म मार्फत निर्देशनमा डेब्यु गर्न लागेका हुन् भने फिल्म माघ २३ गतेबाट प्रदर्शनमा आउँदै छ ।

# 'कुमारी' को छायांकन सुरु

■ प्रभाव संवाददाता



**काठमाडौं–** निर्देशक दिनेश राउतको निर्देशनमा बन्न लागेको चलचित्र 'कुमारी'को छायांकन मंगलबारदेखि सुरू भएको छ । ललितपुरस्थित बंगलामुखी मन्दिरमा शुभमुहूर्त गर्दै चलचित्र छायांकन सुरू गरिएको निर्देशक राउतले जानकारी दिए । उनले ३५ दिनमा उक्त चलचित्रको छायांकन सकाउने तयारीका साथ काम गरिरहेको बताए ।

उनले भने, 'केही समयको अन्तरालमा पुनःप्रेमकथानक चलचित्रलाई ठूलो पर्दामा ल्याउँदैछु । यसपटक नयाँ पुस्ताको कथालाई दर्शकले देख्न पाउनुहुनेछ । प्रेम कथा भएकाले यो सांगीतिक पनि हुनेछ ।' उनले यस चलचित्रमार्फत नयाँ अनुहारहरू अभिषेक खड्का र आकृति राजभण्डारीलाई अभिनय गराउँदै छन् ।

उनीहरूसहित चलचित्रमा घनश्याम जोशी, सुनिता श्रेष्ठ, मधु खड्का, सनम श्रेष्ठ, सकु शाह, सरोज लामिछाने, मनिषा शर्मालगायतको अभिनय रहनेछ ।

विनिश इन्टरटेन्मेन्ट र पिक्चर फ्रेमको सहकार्यमा निर्माण भइरहेको उक्त चलचित्रको पटकथा विकास सुवेदीले लेखेका हुन् ।

# बागमती 'चलचित्र विकास बोर्ड'को माग गर्दै मुख्यमन्त्री बानियाँलाई पत्र

■ प्रभाव संवाददाता

**काठमाडौं** – बागमती प्रदेशमामा पनि 'बागमती प्रज्ञा प्रतिष्ठान' र 'बागमती चलचित्र विकास बोर्ड'को माग गर्दै सांस्कृतिककर्मीको एक समूहले टोलीले नवनियुक्त मुख्यमन्त्री इन्द्रबहादुर बानियाँलाई औपचारिक मागपत्र बुझाएका छन् । सांस्कृतिक महासंघका सभापति तीर्थ बहादुर थापाको नेतृत्वमा गएको एक टोलीले मुख्यमन्त्री बानियाँलाई स्वागत तथा सम्मान गर्दै उक्त माग राखेका हुन् ।

मागपत्रमा गण्डकी, मधेस र सुदूरपश्चिम प्रदेशले गण्डकी प्रज्ञा प्रतिष्ठान, मधेस प्रज्ञा प्रतिष्ठान र सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठान जस्ता संस्थाहरू गठन गरिसकेको सन्दर्भ दिँदै, बागमती प्रदेश सरकारले पनि भाषा-साहित्य, ललितकला, सङ्गीत तथा नाट्य विधा समेट्ने 'बागमती प्रज्ञा प्रतिष्ठान' यथाशीघ्र गठन गर्न माग गरिएको टोलीमा सहभागी नेपाल सांस्कृतिक महासङ्घमा महामन्त्री कलाकार शिवशंकर रिजाल 'जोगिन्दर'ले जनाकारी दिए ।

रिजालका अनुसार नेपाल चलचित्र विकास बोर्डजस्तै गरी बागमती प्रदेशको मातहत 'बागमती चलचित्र विकास बोर्ड' गठन गर्न माग गरिएको छ । कलाकर्मीसँगको भेटमा मुख्यमन्त्री बानियाँले मागपत्र ग्रहण गर्दै यस विषयमा आफूले सकारात्मक ध्यान दिने आश्वासन दिएका थिए ।

रंगशाला

# नेपाल र वेस्ट इन्डिजबीचको खेल तालिकामा हेरफेर




■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल र वेस्ट इन्डिजबीच हुन लागेको ऐतिहासिक टी-२०आई शृंखलाको खेलतालिकामा सामान्य परिवर्तन भएको छ ।

शारजाह क्रिकेट स्टेडियममा यसअघि सेप्टेम्बर २७, २८ र ३० मा खेलहरू हुने भनिएकोमा अब २७, २९ र ३० सेप्टेम्बरमा खेल हुनेछन् । नेपालले दुईपटकको टी-२० विश्वकप च्याम्पियन वेस्ट इन्डिजसँग टी-२० सिरिज खेल्न लागेको यो पहिलो पटक हुनेछ ।

क्यानले वार्षिक क्यालेन्डरमा नै सेप्टेम्बरमा टेस्ट राष्ट्रसँग टी२०आई शृंखला खेल्ने कुरा समावेश गरेको थियो ।

यो सिरिज नेपाल क्रिकेटको लागि ऐतिहासिक मात्र नभई भविष्यका टी-२० विश्वकप एसिया छनोट को तयारीमा समेत महत्वपूर्ण मानिएको छ । विश्वकप छनोट यूएईके छिमेकी देश ओमानमा अक्टोबरमा हुँदैछ ।

क्यानले वेस्ट इन्डिज क्रिकेट बोर्ड र एमिरेट्स क्रिकेट बोर्डलाई यस ऐतिहासिक श्रृंखलामा सहकार्य गरेकोमा धन्यवाद दिएको छ । यसअघि गत वर्ष वेस्ट इन्डिजको ए टोली नेपालमै आएर टी-२० शृंखला खेलेको थियो ।

**खेल तालिकाः**

**पहिलो खेल : २७ सेप्टेम्बर २०२५**
**दोस्रो खेल : २९ सेप्टेम्बर २०२५**
**तेस्रो खेल : ३० सेप्टेम्बर २०२५**

# अस्ट्रेलियाबाट फर्कियो नेपाली टिम

■ प्रभाव संवाददाता

**काठमाडौं** – अष्ट्रेलियाको नर्दन टेरोटवरीमा भएको टप एण्ड टी२० कप र साउथ अष्ट्रेलियासाग अभ्यास खेल खेलेर नेपाली राष्ट्रिय क्रिकेट टोली मंगलबार स्वदेश फर्किएको छ । टोलीलाई क्यान पदाधिकारीले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा स्वागत गरे ।

नेपाली टिमका सहायक प्रशिक्षक ज्ञानेन्द्र मल्लले पहिलो पटक अष्ट्रेलियामा गएर मर्रव टिमहरूसँग खेल्ने अवसर पाएको बताए । सबै खेलाडीले मुख्य प्रतियोगिताअघि अनुभव लिनुपर्छ भनेर धेरै खेल खेलेकोले अजै केही कुरा सुधार गर्नुपर्ने बताए । टप एन्ड टी-२० सिरिजमा नेपाल ११ टिममध्ये आठौं भएको थियो ।

टप एन्ड टी-२० सिरिज समाप्त भएपछि नेपालले अस्ट्रेलियन क्यापिटल टेरिटोरीसँग दुई टी२० अभ्यास खेले खेलेको थियो । यस्तै साउथ अष्ट्रेलियासँग भने नेपाल टी२० खेलमा पराजित भएको थियो भने एकदिवसीय अभ्यास खेल जितेको थियो ।

**महिला लिग छनोटः**

# आरएस रिसोर्टको एकतर्फी जित

■ प्रभाव संवाददाता




**काठमाडौं–** आरएस रिसोर्ट एन्ड बिच फुटबल क्लबले एन्फा महिला लिग छनोटमा सोमबार एफसी रियलैविरुद्ध ४-० को एकतर्फी जित दर्ता गरेको छ । जितसँगै पाँच खेलमा १२ अंक जोडेको आरएस समूह 'ए' को दोस्रो स्थानमा छ । आरएस मुख्य प्रतियोगिताका लागि छनोट हुने सम्भावना बलिया बनेको छ । पाँचौं खेलमा पराजित रियले विना अंक पुछारमा छ । यो समूहमा एक खेल कम खेलेको चर्च ब्वाइज युनाइडेड १२ अंकका साथ शीर्षस्थानमा छ ।

च्यासलमा मैदानमा आरएसलाई जित दिलाउन विपना परियार, इशा चौधरी, उषा शाही र तुलसी शाहीले गोल गरे ।

खेलको १०औं मिनेटमा विपनाको गोलमार्फत आरएसले अग्रता लिएको थियो । ७४औं मिनेटमा उषाले टोलीको अग्रता दोब्बर बनाए । उषाले ८६ औं मिनेटमा टोलीका लागि तेस्रो गोल गरिन् । त्यसको एक मिनेटपछि नै तुलसीले गोल गर्दा आरएसले ४-० को सानदारजित जित निकाल्यो । सोमबारै सम्पन्न खेलमा नेपाल खेलकुद क्लब र लम्कि फुटबल एन्ड ट्रेनिङ सेन्टरले गोलरहित बराबरी खेले ।

**संकटा राष्ट्रिय लिगका लागि छनोट**

एनबिएम पोखरा गर्ल्स एफसीमाथि ६-१ को सानदार जित हासिल गर्दै संकटा क्लब एन्फा राष्ट्रिय महिला लिगका लागि छनोट भएको छ ।

छनोट प्रतियोगिताको समूह 'बी'मा रहेको संकटाको यो लगातार पाँचौं जित हो । जितसँगै समूहको शीर्ष स्थानमा रहँदै संकटा राष्ट्रिय लिगका लागि छनोट हुने पहिलो टोली बनेको हो । संकटाको जितमा स्ट्राइकर पूर्णिमा राईले ह्याट्रिक गोल गरिन् । त्यस्तै अट्याकिङ मिडफिल्डर सेनु परियारको नाममा दुई गोल रह्यो । एक गोल संकटाले आत्मघाती उपहार प्राप्त गऱ्यो ।

छनोट प्रतियोगितामा सहभागी १४ टोलीलाई दुई समूहमा विभाजन गरिएको छ । सिंगल राउन्ड रोबिन पद्धतिको प्रतिस्पर्धापछि प्रत्येक समूहको शीर्ष दुईमा अटाउने टोली राष्ट्रिय लिगमा छनोट हुने सेट-अप छ । संकटाले आफ्नो अन्तिम खेलमा शनिबार न्युरोड टिम (एनआरटी) को सामना गर्नेछ ।

**एभरेस्ट महिला भलिबल लिग**

# कर्णाली यशभिसका तीन विदेशी खेलाडी नेपालमा

■ प्रभाव संवाददाता



**काठमाडौं** – पोखरामा हुने 'एभरेस्ट महिला भलिबल लिग'मा सहभागी हुन ग्रिसका एक र ब्राजिलका दुई महिला खेलाडी नेपाल आइपुगेका छन् ।

सोमबार काठमाडौं ओर्लिएका उनीहरू आगामी भदौ २० गतेदेखि २८ गतेसम्म पोखरामा आयोजना हुने लिगमा कर्णाली यशभिसबाट खेल्नेछन् । ग्रिसका राष्ट्रिय महिला भलिबल खेलाडी 'इभान्जेलिया चान्टाभा' सोमबार विहान त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थल ओर्लिइन् भने ब्राजिलियन खेलाडीद्वय 'आना फ्लाभिया' र 'मायरा भिटोरिया' पनि सोमबार साँझ नेपाल आइपुगिन् ।

सन् २००५ देखि व्यवसायिक खेल जीवन सुरु गरेकी चान्टाभाले ग्रिसका अलवा इटली, टर्की, थाइल्याण्ड, रोमानिया, ब्राजिल, इण्डोनेसिया, जापान लगायतका देशको विभिन्न क्लबमा आबद्ध भएर खेलिसकेकी छन् । खेल जीवनमा उनको टिम दर्जनौ पटक विजेता बनेको छ भने दर्जनौ अवार्ड समेत पाइसकेकी छन् । आउटसाइट हिटर चान्टाभाका लागि नेपाली क्लब र मैदान पहिलो हो । सुरुवाती वर्षमा ब्राजिलबाट व्यावसायिक भलिबल खेलेकी आनाले स्पेन, स्लोभाकिया, चेक गणराज्य, हंगेरी र स्विजरल्याण्डबाट खेलिसकेकी छन् । स्लोभाकिया र स्पेनमा उनी उत्कृष्ट सेटर घोषित भएकी थिइन् ।

मायरा भिटोरिया पनि अनुभवी खेलाडी भित्र पर्दछिन् । त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलमा पत्रकार भेटघाट कार्यक्रममा बोल्दै उनीहरूले नेपालमा आएर भलिबल खेल्न पाउँदा खुसी लागेको र कर्णाली यशभिसलाई दोस्रो पटक च्याम्पियन बनाउने दाबी पेश गरे ।



भारतको मुम्बईमा गणेश चतुर्थीको अवसरमा भगवान् गणेशको मूर्तिलाई कृत्रिम पोखरीमा विसर्जन गर्दै भक्तजन । *तस्विर: एएफपी*

# भारतले यस वर्षभित्रै व्यावसायिक चिप उत्पादन सुरु गर्ने

**नयाँदिल्ली-** भारतले सन् २०२५ को अन्त्यसम्म व्यावसायिक सेमिकण्डक्टर उत्पादन सुरु गर्ने छ । प्रधानमन्त्री नरेन्द्र मोदीले आफ्नो राष्ट्रलाई चिप नवप्रवर्तनका लागि भविष्यको 'ग्लोबल हब' का रूपमा प्रस्तुत गर्दै मंगलबार यसबारे घोषणा गरेका हुन् ।

नयाँदिल्लीमा आयोजित वार्षिक 'सेमिकन इण्डिया सम्मेलन' को उद्घाटन समारोहमा बोल्दै मोदीले माइक्रोन र टाटाको परीक्षण चिप उत्पादन भइसकेको जानकारी दिए । 'व्यावसायिक चिप उत्पादन यसै वर्ष सुरु हुने छ,' उनले भने, 'यसले सेमिकण्डक्टर क्षेत्रमा भारत कति तीव्र गतिमा अघि बढिरहेको छ भन्ने देखाउँछ ।'

भारतको सेमिकण्डक्टर बजार सन् २०२३ मा ३८ अर्ब डलर थियो । यो २०२४-२०२५ मा बढेर ४५ देखि ५० अर्ब डलर पुगेको छ । सरकारले सन् २०३० सम्म एक खर्ब देखि एक खर्ब १० अर्ब डलरको लक्ष्य लिएको छ । देशले हाल १८ अर्ब डलरको लगानीमा १० सेमिकण्डक्टर परियोजनाहरू विकास गरिरहेको छ, जसमा नोएडा र बेंगलुरुस्थित दुईवटा नयाँ ३-न्यानोमिटर डिजाइन सुविधा पनि पर्छन् ।

'हाम्रो यात्रा ढिलो सुरु भए पनि अब हामीलाई कसैले रोक्न सक्दैन,' मोदीले जोड दिए । भारतको तीन क्षेत्रमा विशेष प्रभुत्व रहेको बताइएको छ- सेमिकण्डक्टर उपकरणका लागि कम्पोनेन्ट उत्पादन, रसायन र खनिज जस्ता महत्त्वपूर्ण सामग्री आपूर्ति र अनुसन्धान तथा विकासदेखि आर्टिफिसियल इन्टेलिजेन्स, बिग डेटा र क्लाउड कम्प्युटिङसम्मका सेवा प्रदान ।

विश्वको सबैभन्दा बढी जनसंख्या भएको राष्ट्रले 'मानव पुँजी' लाई आफ्नो ठूला शक्तिमध्ये एक भएको दाबी गरेको छ । मोदीका अनुसार सेमिकण्डक्टर डिजाइन क्षेत्रमा विश्वव्यापी प्रतिभाको २० प्रतिशत भारतमै छ ।

गत हप्ताको टोकियो भ्रमणका क्रममा जापानले सेमिकण्डक्टर र एआई सहयोगमा लगानी बढाउँदै भारतमा १०० खर्ब येन (६८ अर्ब डलर) पुऱ्याउने वाचा गरेपछि मोदीले यो घोषणा गरेका हुन् । विश्वको पाँचौं ठूलो र तीव्र गतिमा बढ्दो अर्थतन्त्र भारत अहिले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको ५० प्रतिशत करको दण्डबाट प्रभावित भएको छ र विकासका नयाँ बाटो खोजिरहेको छ ।

अन्तर्राष्ट्रिय चिपको माग बढ्दो क्रममा भए पनि आपूर्ति मुठ्ठीभर क्षेत्रमा केन्द्रित हुँदा भारतले 'आत्मनिर्भर र विश्वव्यापीरूपमा प्रतिस्पर्धी' बन्ने उद्देश्यसहित डिजाइन, निर्माण र प्याकेजिङलाई समेट्ने 'पूर्ण इकोसिस्टम' निर्माण गरिरहेको बताएको छ ।

'आजको भारतले संसारमा विश्वास जगाउँछ,' मोदीले यस हप्ताको सरकारी ब्रीफिङ नोटमा भने, 'जब चिपहरूको कुरा आउँछ, तपाईं आत्मविश्वासका साथ भारतलाई रोज्न सक्नुहुन्छ ।' *रासस/एएफपी*

# म्यान्माको अवस्थाप्रति संयुक्त राष्ट्रसंघको गम्भीर चेतावनी

**जेनेभा-** म्यान्माको मानवीय अवस्था दिनप्रतिदिन बिग्रँदै गएको भन्दै संयुक्त राष्ट्रसंघले मंगलबार गम्भीर चिन्ता व्यक्त गरेको छ । संस्थाले रोहिंग्या अल्पसंख्यकमाथि सन् २०१७ मा भएको अत्याचारलाई सम्झाउनेजस्ता दृश्यहरूको निन्दा गर्दै केही देशले यसलाई नरसंहार नै मानेको बताएका छन् ।

म्यान्माको सेनाले रखाइन राज्यलाई नाकाबन्दी गरेको छ । यहाँ सेना हाल बहुपक्षीय गृहयुद्धमा जातीय लडाकुहरूसँग भिडिरहेको छ । सन् २०२१ को सैन्य कूमा लोकतान्त्रिक सरकार अपदस्थ भएपछि देश गम्भीर संकटमा फसेको हो । संयुक्त राष्ट्रसंघका मानवअधिकार प्रमुख भोल्कर टर्कले अराकान सेनाका विद्रोही र अन्य जातीय लडाकुहरूले 'नागरिक जनसंख्यालाई पीडाको अनन्त चक्रमा धकेल्ने उल्लंघनलाई लगभग पूर्ण दण्डहीनताका साथ दोहोऱ्याइरहेको' चेतावनी दिए ।

'भिडियो र तस्बिरहरूले मृत्यु, विनास र हताशाको यथार्थ देखाउँछन्, जुन सन् २०१७ मा सेनाले रोहिंग्या अल्पसंख्यकमाथि गरेको अत्याचारका दृश्यहरूसँग ठ्याक्कै मेल खान्छ,' उनले विज्ञप्तिमा भने । टर्कले संयुक्त राष्ट्र सुरक्षा परिषद्लाई स्थितिलाई अन्तर्राष्ट्रिय फौजदारी अदालतमा बुझाउन पुनः आह्वान गर्दै भने, 'फेरि उही अवस्था देख्नुपर्दा मलाई गहिरो पीडा भएको छ ।'

दशकौंदेखि म्यान्मामा सताइँदै आएका प्रायः मुस्लिम रोहिंग्या समुदायका लाखौं मानिस सन् २०१७ को सैन्य



दमनका क्रममा देश छोड्न बाध्य भएका थिए । यो दमन अहिले संयुक्त राष्ट्रसंघको नरसंहार अदालतमा विचाराधीन छ ।

## अविवेकी आक्रमण

टर्कको कार्यालयले सन् २०२४ अप्रिलदेखि सन् २०२५ मेसम्मको अवस्थामाथि तयार पारेको प्रतिवेदनमा रखाइनमा भएको द्वन्द्वले लाखौं मानिस विस्थापित भएको तथ्य उजागर गरिएको छ । संयुक्त राष्ट्रसंघको अनुमानअनुसार तीमध्ये करिब एक लाख ५० हजार मानिस सन् २०२३ को नोभेम्बरदेखि बंगलादेशतर्फ भागेका छन् । बंगलादेशमा पहिले नै करिब १० लाख रोहिंग्या शरणार्थी बस्दै आएका छन् ।

'रोहिंग्या र जातीय रखाइन समुदायका सामान्य नागरिकहरू शत्रुताको प्रत्यक्ष शिकार भएका छन्,' टर्कले भने । उनले विशेष गरी 'नागरिक र संरक्षित वस्तुहरू विरुद्ध सेनाले अन्धाधुन्ध आक्रमण गर्ने व्यापक र योजनाबद्ध ढाँचा' तर्फ औंल्याए ।

विश्वसनीय स्रोतलाई उद्धृत गर्दै प्रतिवेदनले समेटेको १४ महिनामा द्वन्द्वका कारण एक हजार ८११ प्रमाणित नागरिकको मृत्यु भएको उल्लेख छ । तीमध्ये करिब आधा मृत्यु विद्यालयहरूमा गरिएको सेनाको हवाई आक्रमणका कारण भएको थियो ।

राज्यमा 'जबरजस्ती विस्थापन, जबरजस्ती भर्ती, बेपत्ता पार्ने, मनमानी गिरफ्तारी, आगजनी र सम्पत्ति विनास' व्याप्त रहेको प्रतिवेदनले जनाएको छ । साथै, नागरिकहरूले मानवीय सहायता अस्वीकार र बारम्बार गरिने आतंककारी कार्यहरूको सामना गरिरहेको पनि टर्कले उल्लेख गरे । प्रतिवेदनले उत्तरी रखाइनमा अराकान सेनाद्वारा गरिएका हत्या, जबरजस्ती भर्ती र जबरजस्ती विस्थापनलगायतका दुर्व्यवहारसमेत प्रकाश पारेको छ । यद्यपि, यसले यस वर्षको सुरुदेखि 'रोहिंग्यालाई लक्षित हिंसामा तुलनात्मक कमी आएको' सकारात्मक पक्षसमेत औंल्याएको छ । चलिरहेको सैन्य नाकाबन्दीले आपूर्ति अवरुद्ध हुँदा भोकमरीको गम्भीर संकट झन् चर्किएको छ । टर्कले दुर्व्यवहारका लागि जिम्मेवारलाई जवाफदेही बनाउन र मानवीय सहायता सहज बनाउन अन्तर्राष्ट्रिय प्रयासमा देशहरूलाई एकजुट हुन आग्रह गरे । रासस/एएफपी

# चीन-रुस सम्बन्ध 'अभूतपूर्व स्तरमा' पुगेको छ : पुटिन



**बेइजिङ-** रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले मंगलबार बेइजिङमा चिनियाँ समकक्षी सी चिनफिङसँग भएको वार्तामा दुवै मुलुकबीचको सम्बन्ध हाल 'अभूतपूर्व स्तरमा' पुगेको बताएका छन् । यो भेटवार्ता चीनमा बुधबार हुने विशाल सैन्य परेडअघि सम्पन्न भएको हो ।

उत्तर कोरियाली नेता किम जोङ उनसहितका दर्जनौं विश्व नेताहरू चीनको शक्ति प्रदर्शनमा सहभागी हुन राजधानी बेइजिङमा भेला भएका छन् । 'हाम्रो घनिष्ठ संवादले रुसी-चिनियाँ सम्बन्धको रणनीतिक प्रकृतिलाई स्पष्ट गर्छ, जुन अहिले अभूतपूर्व स्तरमा पुगेको छ,' पुटिनले पूल गरिएको लाइभ फिडमार्फत सीलाई भने ।

युद्धको समयमा दुवै मुलुकबीच भएको सहकार्यलाई स्वीकार गर्दै पुटिनले भने, 'हामी सधैं सँगै थियौं र अहिले पनि सँगै छौं ।' सीले यस हप्ताको सुरुआतदेखि कूटनीतिक बैठकहरू आरम्भ गरेका छन्, जसमा उत्तरी सहर तियानजिनमा भएको सांघाई सहयोग संगठन (एससिओ) को शिखर सम्मेलनसमेत पर्छ । चीनले यस मञ्चलाई पश्चिमी प्रभुत्वको विकल्पको रूपमा प्रस्तुत गर्ने गरेको छ । बुधबार हुने सैन्य परेड दोस्रो विश्वयुद्धको अन्त्य भएको ८० वर्षको स्मरणमा आयोजना गरिएको हो । यसमा करिब दुई दर्जन विश्व नेताहरू सहभागी हुने छन् ।

## विश्वव्यापी अशान्ति

सोमबार सम्पन्न शिखर सम्मेलनमा चीन र रुसका नेताहरूले पश्चिमी सरकारहरूको आलोचना गरेका थिए । सीले केही मुलुकहरूको 'बदमाशीपूर्ण व्यवहार' को निन्दा गर्दै अप्रत्यक्षरूपमा अमेरिकालाई इंगित गरे भने पुटिनले रुसको युक्रेन आक्रमणलाई औचित्यपूर्ण ठहर गर्दै द्वन्द्व सुरु गराएकोमा पश्चिमलाई दोष दिए । 'चीन-रुस सम्बन्धले अन्तर्राष्ट्रिय परिवर्तनको परीक्षालाई सफलतापूर्वक सामना गरेको छ,' सीले मंगलबार पुटिनलाई भने ।

उनले 'अझ न्यायपूर्ण र सन्तुलित विश्वव्यवस्था निर्माण गर्न' मस्कोसँग सहकार्य गर्न बेइजिङ इच्छुक रहेको बताए । सन् २०२२ को फेब्रुअरीमा पुटिनले युक्रेनमाथि आक्रमणको आदेश दिनुभन्दा केही अघि नै चीन र रुसले 'सीमाविहीन साझेदारी'को घोषणा गरेका थिए । त्यसयता दुवै मुलुकबीच सैन्य तथा व्यापारिक सम्बन्ध अझ प्रगाढ बनेका छन्, जसले पश्चिमी मुलुकहरूलाई चिन्तित पारेको छ ।

चीनले रुसको युद्धलाई न त प्रत्यक्ष समर्थन गरेको छ, न त निन्दा नै गरेको छ । उसले आफू तटस्थ रहेको दाबी गर्दै आएको छ र नियमित रूपमा युद्ध अन्त्यको आह्वान गर्ने गरेको छ । तर पश्चिमी देशहरूमाथि चीनले युक्रेनलाई हतियार उपलब्ध गराएर द्वन्द्व लामो बनाएको आरोप लगाउँदै आएको छ ।

सी र पुटिनबीच नियमित सम्पर्क हुने गरेको छ । उनीहरूले गत महिना फोनमा कुराकानी गरेका थिए, जहाँ चिनियाँ नेताले मस्को र वासिङ्टनबीच सम्बन्ध सुधार भएको देखेर खुसी व्यक्त गरेका थिए । यसअघि मे महिनामा सीले दोस्रो विश्वयुद्धमा नाजीहरूको पराजयको स्मरणमा रुसमा आयोजित मे ९ को उत्सवमा सहभागी हुन मस्को भ्रमण गरेका थिए । *रासस/एएफपी*

# एससिओका लागि विकास बैंकमा विस्तारित भूमिका बढाउने चिनियाँ राष्ट्रपति सीको चाहना


**तियानजिन (चीन)-** चिनियाँ राष्ट्रपति सी चिनफिङले सोमबार चियानजिनमा आयोजित सांघाई सहयोग संगठन (एससिओ) को वार्षिक शिखर सम्मेलनमा चीनले एससिओ विकास बैंकको स्थापना प्रक्रियालाई तीव्र बनाउन प्रयास गर्ने बताएका छन् । 'हाल, विश्व अवस्था अझ जटिल र अशान्त बन्दै गइरहेको छ । सदस्य राष्ट्रहरूले अझ कठिन सुरक्षा र विकाससम्बन्धी जिम्मेवारीको सामना गरिरहेका छन्,' सीले फोरममा आफ्नो प्रारम्भिक सम्बोधनमा भने ।

उनले आगामी तीन वर्षमा एससिओ सदस्य राष्ट्रहरूलाई एक अर्ब ४० करोड डलर ऋण दिने वाचा गरे । यद्यपि, उनले यो रकम नयाँ बैंकका लागिमात्र नभएको स्पष्ट पारे । यस शिखर सम्मेलनमा सी, रुसी राष्ट्रपति भ्लादिमिर पुटिन, भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी तथा अन्य दर्जनौं राष्ट्रका नेताहरू सहभागी थिए ।

मूलतः मध्य एसियामा अमेरिकी प्रभावलाई सन्तुलन गर्न स्थापित यस समूहको आकार र प्रभाव पछिल्ला वर्षहरूमा विस्तार भए पनि, यो अझै धेरै हदसम्म सुरक्षा फोरमका रूपमा चिनिन्छ । बैंक र ऋण उपलब्ध गराउने प्रस्तावमार्फत सीले संस्थाको दायरा विकासतर्फ विस्तार गर्ने संकेत दिएका छन् ।

## चीनको सन्देश

सिंगापुरको नेसनल युनिभर्सिटीस्थित ली कुआन येव स्कुल अफ पब्लिक पोलिसीका प्राध्यापक अल्फ्रेड वुलेका अनुसार अमेरिकाको नेतृत्वमा रहेको व्यवस्था कमजोर हुँदै गएकाले सी वैकल्पिक विश्व व्यवस्था प्रस्तुत गर्न चाहन्छन् । यही नै उनको मुख्य सन्देश हो ।




सीले राष्ट्रहरूले 'शीतयुद्धको मानसिकता, ब्लक-आधारित टकराव र बदमाशीको विरोध गर्नुपर्छ, संयुक्त राष्ट्रसंघको अन्तर्राष्ट्रिय प्रणालीको रक्षा गर्नुपर्छ' भन्दै 'समान र व्यवस्थित बहुध्रुवीय विश्व, समावेशी आर्थिक भूमण्डलीकरण र न्यायपूर्ण तथा उचित विश्वव्यापी शासन प्रणाली निर्माणमा योगदान दिनुपर्ने' बताए । यो सन्देश चीनका अघिल्ला अभिव्यक्तिबाट फरक थिएन । शीतयुद्ध मानसिकताको विरोध प्रायः अमेरिकालाई लक्षित हुन्छ । वुलेका अनुसार चीनले कहिलेकाहीं केही संयुक्त राष्ट्रसंघीय एजेन्सीहरूलाई कोष कटौती गरेको भए पनि, अहिलेको अवस्थामा यसको स्थिरता नै सन्देश हो ।

सन् २००१ मा स्थापना भएको एससिओमा अहिले रुस, बेलारुस, चीन, भारत, इरान, कजाकिस्तान, किर्गिजस्तान, पाकिस्तान, ताजिकिस्तान र उज्बेकिस्तान सदस्य छन् । अफगानिस्तान र मंगोलिया पर्यवेक्षक राष्ट्र हुन् भने दक्षिणपूर्व एसिया र मध्यपूर्वका १४ राष्ट्र 'संवाद साझेदार' का रूपमा संलग्न छन् ।

यस वर्षको शिखर सम्मेलन चीनले आयोजना गर्ने योजनाबद्ध सैन्य परेडको केही दिनअघि भइरहेको छ, जसलाई बेइजिङले आफ्ना सहयोगी तथा छिमेकीलाई आमन्त्रित गर्ने अवसरको रूपमा लिएको छ ।

## द्वन्द्वमा ध्यान केन्द्रित

आइतबार सीले भारतीय प्रधानमन्त्री मोदीसँग भेटेर सीमा विवादबारेका मतभेद समाधान गर्ने वाचा गरे । यी विवादहरूले सन् २०२० मा सम्बन्धमा तनाव ल्याएका थिए, जसमा लद्दाख, अरुणाचल प्रदेश र भुटान नजिकका विभिन्न क्षेत्रमा सीमा असहमति छन् ।

पुटिनले आइतबार सीसँग भेटेर मंगलबार हुने द्विपक्षीय वार्ताअघि कुराकानी गरेका थिए । उनले भने, 'अलास्कामा हालै सम्पन्न उच्चस्तरीय रुसी-अमेरिकी शिखर सम्मेलनले युक्रेनमा शान्तिको बाटो खोल्दै अघि बढेको छ भन्ने मलाई आशा छ ।' हालै चीन-रुसको विकाससम्बन्धी सन्देश विशेषरूपमा प्रबल बनेको छ । चिनियाँ आधिकारिक समाचार एजेन्सी सिन्ह्वासँगको अन्तर्वार्तामा पुटिनले दुवै देश 'भेदभावपूर्ण प्रतिबन्धहरूको विरोधमा' रहेको बताए । उनका अनुसार, यस्ता प्रतिबन्धहरूले विश्वको सामाजिक-आर्थिक विकासमा ठूलो आघात पुऱ्याएका छन् ।

पुटिनले रुस र चीनले मिलेर अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ) र विश्व बैंकको सुधारलाई समर्थन गर्ने बताए । उनले भने, 'वित्तलाई नव-उपनिवेशवादको साधनका रूपमा प्रयोग गर्ने प्रथालाई अन्त्य गर्न आवश्यक छ, किनभने यसले विश्वको बहुमत राष्ट्रको हितविपरीत काम गर्छ ।'

## सुरक्षा अझै प्राथमिकता

चीनले एससिओलाई विश्वस्तरमा प्रभावकारी मञ्च बनाउन चाहे पनि यसको वास्तविक प्रभावकारिता अझै प्रश्नमा छ । विगतमा यस संगठनको प्राथमिकता सधैं सुरक्षा रहँदै आएको छ, जसले 'तीन शक्ति' (आतंकवाद, पृथकतावाद र चरमपन्थ) विरुद्ध लड्ने दाबी गरेको छ ।

तर आलोचकहरूले भने यसलाई फरक तरिकाले हेर्छन् । 'एससिओको आतंकवाद विरोधी अभ्यासले वास्तविक आतंकवादसँग जुध्नेभन्दा पनि प्रायः अधिनायकवादी शासनलाई खतराबाट जोगाउने काम गर्छ,' दक्षिणी क्यालिफोर्निया विश्वविद्यालयका अन्तर्राष्ट्रिय सम्बन्धका प्राध्यापक डेरेक ग्रसम्यानले भने, 'प्रतिस्पर्धी संगठनहरू पनि छन् । ब्रिक्स समूहसँग प्रमुख अर्थतन्त्रहरू जोडिएकाले पश्चिमसँग प्रतिस्पर्धामा त्यसलाई बढी सम्भावना छ ।'

'यद्यपि एससिओ शिखर सम्मेलनको प्रभाव र पहुँच सीमित नै रहन सक्छ, तर एउटा कुरा प्रस्ट छ- चीन अहिले कूटनीतिक उत्थानमा छ भने अमेरिका आत्मविनासको बाटोमा छ,' ग्रसम्यानले निष्कर्ष निकाले । *रासस/एपी*


## युएइमा रोजगार

कम्पनी : SK SOLUTIONS FACILITY SERVICES LLC

पूर्व स्वीकृति मिति : २०८०/११/१८ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०५/१७ | LT. No. 300932 | चलानी नं. ६०२१५८४४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 22 | 10 | 1500 | ५७,६४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Life Guard | 15 | 0 | 1500 | ५७,६४५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ २५ गते (10th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

RAJ GROUP OF COMPANIES
Raj Group Of Company Pvt.Ltd.
Basundhara–3, Kathmandu, Nepal Tel : 0977-01-5903550, 5903660, Email : info@rajgroupnepal.com URL: www.rajgroupnepal.com

## कुवेतमा रोजगार

कम्पनी : SIMRAMIS CATERING COMPANY

पूर्व स्वीकृति मिति : २०८१/११/०९ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०५/१७ | LT. No. 319250 | चलानी नं. ६०२३३४२१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 3 | 0 | 150 | ६९,२७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ २५ गते (10th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ९५४/०६७/६८
VARSHA MANPOWER PVT. LTD.
Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944

## साउदीमा रोजगार

कम्पनी : EITINAA HUMAN RESOURCES COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०५/१७ | LT. No. 330437 | चलानी नं. ६०२४४२३०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 7 | 0 | 1000 | ३७,६४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ २५ गते (10th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

World King H.R.International Pvt.ltd.
Dhapasi, Basundhara, Kathmandu, Nepal, Tel. +97701-5925516, 9803672215, 9814089641,9767274204 Email : info@worldkinghrintl.com, www.worldkinghrintl.com
Govt. License 1700/081/82

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – २०५९०० | प्रति तोला – ० | प्रति तोला – २४८५ |




## अर्थमन्त्री पौडेल र विश्व बैंक क्षेत्रीय उपाध्यक्ष जुटबीच भेट



■ प्रभाव संवाददाता

**काठमाडौं–** उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेल र विश्व बैंकका दक्षिण एसिया क्षेत्र हेर्ने उपाध्यक्ष जोहानेस जुटबीच शिष्टाचार भेटघाट भएको छ।

अर्थ मन्त्रालयमा मंगलबार भएको उक्त भेटमा उहाँहरूबीच समग्र अर्थतन्त्र, सहरी तथा भौतिक पूर्वाधार, लगानी, पर्यटन, वातावरणलगायत विषयमा छलफल भएको अर्थमन्त्री पौडेलको सचिवालयले जनाएको छ। भेटका क्रममा अर्थमन्त्री पौडेलले गत वर्षको तुलनामा अर्थतन्त्रका सूचकमा उल्लेखनीय सुधार आएको उल्लेख गर्दै नेपालले नीतिगत, संरचनागत र कार्यान्वयन प्रक्रियामा सुधार गरेको बताए। उनले विश्व बैंकले आगामी छ वर्षका लागि तयार पारेको 'कन्ट्री पार्टनरसीप फ्रेमवर्क' नेपालमा विकासको आवश्यकता र सरकारको प्राथमिकतासँग तादम्य रहेको उल्लेख गर्दै फ्रेमवर्कअनुसारका आयोजना तथा कार्यक्रम तर्जुमा गर्न सरकार विश्व बैंकसँग मिलेर काम गर्न चाहेको बताए।

अर्थमन्त्री पौडेलले वैकल्पिक विकास वित्त परिचालन विधेयक प्रतिनिधिसभाबाट पारित भई राष्ट्रियसभामा छलफलमा रहेको जानकारी गराउँदै विधेयक पारित भएसँगै निजी क्षेत्रसँग मिलेर प्रतिफल दिने आयोजनाहरूमा लगानी गर्ने बताए। उनले विधेयकको लक्ष्यअनुसार अघि बढ्न विश्व बैंकबाट सहयोगको अपेक्षा गरे।

विश्व बैंक दक्षिण एसिया क्षेत्रीय उपाध्यक्ष जुटले नेपालमा उच्च आर्थिक वृद्धिदर हुनेगरी विश्व बैंकले सहयोग गर्ने बताए। उनले विश्व बैंकले लुम्बिनी, काठमाडौं उपत्यकाको सहरी पूर्वाधार, वातावरणीय प्रदूषण न्यूनीकरण र आर्थिक वृद्धिका लागि सहयोग गर्ने भन्दै निजी क्षेत्रलाई पनि साथमा लिएर अघि बढ्नुपर्ने धारणा व्यक्त गरे। उपाध्यक्ष जुटले नेपालको अर्थतन्त्रका परिसूचकहरू सुधार हुनु सकारात्मक भएको उल्लेख गर्दै नेपालका लागि लगानी अझ बढाउन जरुरी भएको बताए।

## हिमाल आरोहणबाट ६४ करोडभन्दा बढी राजस्व

■ प्रभाव संवाददाता

**फुङ्लिङ (ताप्लेजुङ)–** पछिल्लो समयमा हिमाल आरोहण गर्नेहरू संख्या बढ्दै गएको छ। पर्यटन विभागका अनुसार गत वर्ष नेपालका विभिन्न हिमाल तथा पिक आरोहणबाट रु ६३ करोड ८२ लाख ९४ हजार ९७९ संकलन भएको जनाएको छ।

ताप्लेजुङमा अवस्थित विश्वको तेस्रो अग्लो कञ्चनजङ्घा हिमालमा गत मार्च १ देखि अप्रिल २१ सम्ममा २६ पुरुष र १५ महिला गरी ४१ जनाले आठ हजार ५५६ मिटर उचाइको प्रमुख चुचुरोमा सफलतापूर्वक पाइला टेकेका छन्। सो आरोहणबाट रु एक करोड ९७ हजार ४६० राजस्व संकलन भएको छ। संखुवासभा जिल्लामा रहेको मकालु हिमाल सोही समयमा ६६ आरोहीले सफल आरोहण गरेका छन्। यसबाट रु एक करोड ६२ लाख ६९ हजार ४८० संकलन भएको छ। विश्वको अग्लो सगरमाथा हिमालमा ३०२ र ७२ महिला गरी ३७४ जनाले सफल आरोहण गरेका थिए। यसबाट रु ५५ करोड ४९ लाख ९० हजार २७८ राजस्व संकलन भएको छ।

यस याममा २३ हिमाल तथा पिकको सफल आरोहण गरिएको थियो। जसमा छ सय ७८ पुरुष र एक सय ९१ महिला गरी आठ सय ६९ नेपाली तथा विदेशीले नेपालका हिमाल तथा पिकको सफल आरोहण गरेको पर्यटन विभागको तथ्यांक छ। यसबाट रु ६३ करोड ८२ लाख ९४ हजार ९७९ राजस्व संकलन भएको विभागले जनाएको छ। नेपालको हिमालको पारिपट्टि चीनको तिब्बत क्षेत्र छ। अरू बाँकी हिमाल चीन, भारत, पाकिस्तान, भूटान र ताजकिस्तानमा पर्छन्। यो हिमालमा अग्लाअग्ला चुलीहरू छन्। विश्वको १० सबैभन्दा अग्ला हिउँ चुचुरा यही हिमालमा छन्। हिमालमा भएको के-२ भन्ने चुचुरो पाकिस्तानमा छ।

नवौं चुचुरो नांगा पर्वत पनि पाकिस्तानमा छ। अरू संसारको सबैभन्दा अग्लो चुचुरो सगरमाथादेखि लिएर अन्नपूर्ण-१ सम्म आठवटा नेपालमा छन्। हिमालका चुचुरा सगरमाथा, कञ्चनजङ्घा, ल्होत्से, मकालु, चोयू, धवलागिरि, मनास्लु र अन्नपूर्ण-१ नेपालमा छन्। यी सबै आठ हजार मिटरभन्दा अग्ला छन्, तर ती हिमाल अहिले हिमरेखा सर्दै जाने क्रम बढेसँगै हिमलहरू नाँगिँदै जाने क्रम बढ्दै गएको छ।

### हिमरेखा सर्दै

हिमालय क्षेत्रमा जलवायु परिवर्तनको प्रभाव तीव्र बन्दै गएको तथ्य विभिन्न अध्ययन र स्थानीय अनुभवले पुष्टि गरेका छन्। अन्तरराष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड), वातावरण वैज्ञानिक र स्थानीय समुदायको अनुभवबाट प्राप्त तथ्यांकले नेपालको हिमाली भूगोल परिवर्तनको चपेटामा परेको देखाउँछ।

इसिमोडले सन् २०२१ मा सार्वजनिक गरेको प्रतिवेदन स्टेटस अफ ग्लेसियर्स इन द हिन्दू कुश हिमालयन रिजनअनुसार ताप्लेजुङस्थित कञ्चनजङ्घा क्षेत्रमा हिमरेखा प्रत्येक वर्ष औसत ६.५ मिटरले माथि सर्दै गएको छ। सोही अवधिमा सो क्षेत्रमा रहेका हिमतालको सङख्या पनि उल्लेखनीय रूपमा वृद्धि भएको छ। पन्ध्र वर्षअघि २७ वटा हिमताल रहेकामा अहिले ४९ पुगेका छन्। यसबाट जलवायु परिवर्तनले हिमाली क्षेत्रको भौगोलिक स्वरूप र पर्यावरणीय संरचनामा कति ठूलो प्रभाव पारेको छ भन्ने बुझ्न सकिन्छ।

जलवायु परिवर्तनको प्रभावलाई मापन गर्ने अर्को महत्त्वपूर्ण अध्ययन इसिमोडको हिमालयन वाटर सिक्युरिटी (२०२२) प्रतिवेदनले पनि नेपालमा प्रतिदशक तापक्रम ०.३ देखि ०.५ डिग्री सेल्सियसले वृद्धि भएको देखाएको छ। यस तापक्रम वृद्धिले हिमनदी पग्लने दरलाई अझ तीव्र बनाएको, हिमरेखामाथि सर्ने प्रक्रिया छिटो भएको र हिमाली क्षेत्रका बासिन्दाको जीवन, खेतीपाती, पशुपालन तथा खानेपानी स्रोतहरूमा सीधा असर परेको देखिएको छ। तत्काल जलवायु अनुकूलन तथा दीर्घकालीन रणनीतिहरू अपनाइएन भने हिमनदीहरूको ह्रास अझ तीव्र हुने र यो समग्र जलस्रोत प्रणाली, जैविक विविधता र खाद्य सुरक्षामा दीर्घकालीन संकटको कारक बन्न सक्ने विभिन्न प्रतिवेदनहरूले देखाएको छ।

## कर्पोरेट

### 'कजारियासँगै गृहप्रवेश, घुमौं देश विदेश': कजारियाको उपभोक्ता योजना सार्वजनिक




**काठमाडौं (प्रस)–** उत्कृष्ट गुणस्तर र नवीन डिजाईनका लागि परिचित कजारिया टायल्स ले आज 'कजारियासँगै गृहप्रवेश, घुमौं देश विदेश' नामक उपभोक्ता योजना घोषणा गरेको छ। यस चाडपर्वको अवसरमा, ग्राहकहरूले दैनिक लक्की ड्रमार्फत आकर्षक स्मार्टवाच जित्ने मौका पाउनेछन्। साथै, बम्पर उपहार स्वरूप सम्पूर्ण खर्चसहितको सिंगापुर क्रुज प्याकेज पनि जित्न सकिनेछ।

कजारिया टायल्सले घर सजावट तथा पुनर्निर्माणलाई अझ रोमाञ्चक र अर्थपूर्ण  बनाउन यो उपभोक्ता योजना ल्याएको हो। ग्राहकले आधिकारिक डिलरबाट कम्तीमा १,००० वर्गफिट काजारिया टायल्स खरिद गरेपछि यसमा सहभागी हुन सक्नेछन्। १,००० वर्गफिट भन्दा बढी खरिद गर्ने ग्राहकहरू दैनिक लक्की ड्रमार्फत आकर्षक स्मार्टवाच जित्न योग्य हुनेछन्। साथै, भाग्यमानी केही जोडीहरूले बम्पर उपहार स्वोरूप  सम्पूर्ण खर्चसहितको सिंगापुर क्रुज भ्रमण अवसर पाउनेछन्। यो योजना भदौ १५ देखि कात्तिक १५ सम्म लागू हुनेछ, र यस अवधिमा गरिएका सबै खरिद यस योजनामा सहभागी हुने आधार हुने जनाएको छ।

कजारिया रामेश टाइल्स लिमिटेडले नेपालकै सबैभन्दा ठूलो टाइल उत्पादन प्लान्ट स्थापना गरेर नेपालको टायल उद्योगमा नयाँ कीर्तिमान स्थापित गरेको छ। विश्वस्तरीय मापदण्ड अनुसार तयार गरि अत्याधुनिक प्रविधिद्वारा निर्मित काजारिया रामेश टाइल्स लिमिटेडले आधुनिक सजावटका बदलिँदो रुचिहरूलाई ध्यानमा राख्दै ४,००० भन्दा बढी विशेष डिजाइनहरू सार्वजनिक गरेको छ।

### सन नेपाल लाइफ इन्स्योरेन्सको एएमएल तालिम



**काठमाडौं (प्रस)–** सन नेपाल लाइफ इन्स्योरेन्सले आफ्ना कर्मचारीहरूको क्षमता अभिवृद्धि र नियामक पालना सुनिश्चित गर्ने उद्देश्यले एन्डी मनि लाउण्डरिङ (एएमएल) तथा कम्ब्याटिङ द फाइनान्सिङ अफ टेरोरिजम (सीएपफटी) का साथै संस्थागत सुशासन सम्बन्धी विशेष तालिम कोहलपुर स्थित होटल सेन्ट्रल प्लाजामा सम्पन्न गरेको छ।

उक्त कार्यक्रममा नेपाल बीमा प्राधिकरणका कार्यकारी निर्देशक सुशील देव सुबेदी, तथा उप निर्देशक पदम प्रसाद सोडारीले तालिम प्रदान गरेका थिए। उनले मनी लन्डरिङ र आतङ्कवादी वित्तीयकरण जस्ता विश्वव्यापी चुनौतीहरूले बीमा क्षेत्रलाई समेत प्रभावित गर्न सक्ने भएकाले समयमै सचेत रहनुपर्ने आवश्यकता औंल्याए।

कार्यक्रममा नारायणी क्षेत्र, गण्डकी, लुम्बिनी, कर्णाली तथा सुदुरपश्चिम  प्रदेशका शाखा प्रमुख लगायत कम्पनीका प्रमुख कार्यकारी अधिकृत राज कुमार अर्याल,  नायब प्रमुख कार्यकारी अधिकृत कबि फुयाल,  प्रमुख बजार अधिकृत श्री गणेश चौलागाइ तथा कम्पनिको विभागीय प्रमुखहरूको  उपस्थिति रहेको थियो।

हाल सन नेपाल लाइफ इन्स्योरेन्स कम्पनीले देशभरका १४३ शाखा बाट जीवन बीमा व्यवसाय संचालन गरिरहेको छ।

### शाओमीके रेडमी १५ र रेडमी १५सी नेपालमा




**काठमाडौं (प्रस)–** विश्वप्रसिद्ध प्राविधिक कम्पनी शाओमीले दुई नयाँ आकर्षक मोडल  रेडमी १५ र रेडमी १५ सी नेपालमा सार्वजनिक गरेको छ। यी दुवै स्मार्टफोन अत्याधुनिक प्रविधि, आकर्षक डिजाइन र नयाँ फिचरसहित उपभोक्तालाई उत्कृष्ट अनुभव दिलाउने उद्देश्यले बजारमा सार्वजनिक गरेको हो।

रेडमी १५ विशेषगरी लामो समयसम्म ब्याट्री र उत्कृष्ट प्रदर्शन चाहने उपभोक्तालाई लक्षित गरिएको छ। यसमा ७००० एमएएच क्षमताको विशाल ब्याट्री छ, जुन सजिलै दुई दिनसम्म टिक्न सक्छ। यसमा रहेको ३३ वाट फास्ट चार्जिङ सुविधाले छोटो समयमा चार्ज गर्न सकिन्छ भने १८ वाट  रिभर्स चार्जिङ सुविधाका कारण आपतकालीन अवस्थामा पावर बैंकको रूपमा पनि प्रयोग गर्न सकिन्छ।

त्यस्तै रेडमी १५ सी आफ्नो ७.९९ एमएम स्लिम र प्रिमियम डिजाइनका कारण आकर्षक देखिन्छ। यो रेडमी १५ भन्दा अलि स्लिम भए पनि यसमा रहेको ६००० एमएएच क्षमताको ब्याट्रीले दिनभरि टिक्ने क्षमता राख्छ। यसमा ३३ वाट फास्ट चार्जिङ र १०६ रिभर्स चार्जिङ सुविधा रहेको छ। साथै, कम्पनीले यसमा २ वर्षको वारेन्टी उपलब्ध गराएको छ।  रेडमी १५ को सुरूवाती मूल्य १८९९९ देखि २१,९९९ रूपैयाँ तोकिएको छ भने रेडमी १५ सीको १४,९९९ देखि १८९९९ सम्म कायम गरिएको छ।

### नेपाल चार्टर्ड एकाउन्टेन्ट्सको अन्तरक्रिया सम्पन्न

**काठमाडौं (प्रस)–** नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था र राष्ट्रिय सहकारी नियमन प्राधिकरणबीच सहकारी ऐन २०७४ मा भएको व्यवस्था बमोजिम सहकारीहरूको नियमन र सुपरिवेक्षणको लागि नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको समन्वयमा रोस्टर तयार गरी बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाहरूको नियामकीय लेखापरीक्षण (प्रुडेन्सियल अडिट) गर्ने गराउनेसम्बन्धी व्यवस्था कार्यान्वयन तथा दुवै नियामकीय निकायहरूको आपसी सहकार्यको सम्बन्धमा छलफल कार्यक्रम सम्पन्न भएको छ।



कार्यक्रममा सहकारी क्षेत्रको नियमन, अनुगमन, लेखापरीक्षण, सूचना आदानप्रदान तथा सहकार्यका विविध पक्षहरूमा गहन छलफल गरिएको थियो। छलफलमा संस्थाका तर्फबाट अध्यक्ष निलबहादुर सारु मगर, उपाध्यक्ष आनन्दराज शर्मा वाग्ले, पार्षद् सदस्यहरू, कार्यकारी निर्देशक तथा निर्देशकको उपस्थिति रहेको थियो। प्राधिकरणको तर्फबाट अध्यक्ष डा. खगराज शर्मा, विज्ञ सदस्य डा. रमेश चौलागाई, सदस्य सिए महेश खनाल तथा कार्यकारी निर्देशक शेषनारायण पौडेलको उपस्थिति रहेको थियो।

कार्यक्रममा प्राधिकरणका अध्यक्ष तथा सदस्यहरूले प्राधिकरण स्थापना हालै मात्र भएकोले यसको कार्यसम्पादनमा संस्थाको सहयोग अत्यावश्यक रहेको तथा संस्था र प्राधिकरणबीचको सम्बन्ध तथा समन्वयको क्षेत्र स्पष्ट तोकिएकोले आपसी सहकार्य अत्यावश्यक रहेको विचार व्यक्त गरे।

साथै प्राधिकरणको क्षेत्राधिकारअन्तर्गत २० हजारभन्दा बढी बचत तथा ऋण सहकारी संस्था पर्ने र तिनीहरूको प्रभावकारी सुपरिवेक्षण, अनुगमन तथा सदस्यहरूको बचतको सुरक्षा सुनिश्चित गर्नु अपरिहार्य रहेको, सहकारी ऐनले प्रदान गरेका अधिकारहरू पर्याप्त भए तापनि प्राधिकरणसँग संस्थागत तथा प्राविधिक क्षमता अभाव रहेको उल्लेख गर्दै, समन्वय र सहकार्यमार्फत कार्यान्वयन सुनिश्चित गर्नुपर्ने आवश्यकता औंल्याए।

### सिआरबिटी सेवा अवरूद्ध




**काठमाडौं (प्रस)–** नेपाल टेलिकमले सिआरबिटी सेवा बन्द गरेको छ। टेलिकमले हाल प्राविधिक समस्या उत्पन्न हुन गई सेवा अवरुद्ध भएको कारणले अर्को सूचना जारी नभएसम्मका लागि उक्त सेवा बन्द रहेको जनाएको छ।  साथै यथाशीघ्र समस्या समाधानका लागि प्रयास भैरहेको पनि टेलिकमले जनाएको छ।

## नेप्सेमा १९ अंकको गिरावट




**काठमाडौं (प्रस)–** नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक १९ दशमलव ८९ अंकले घटेर दुई हजार ७४१ दशमलव ९७ विन्दुमा कायम भएको छ।

मंगलबार तीन सय २३ कम्पनीको एक करोड पाँच लाख ३५ हजार ८७४ कित्ता सेयर ८९ हजार ७७५ पटक खरिद बिक्री हुँदा रु चार अर्ब ४३ करोड ८२ लाख ५१ हजार ८१२ बराबरको कारोबार भएको छ।

सबै समूहका उपसूचक घटेका छन्। बैंकिङ शून्य दशमलव ४९, विकास बैंक शून्य दशमलव ३९, वित्त शून्य दशमलव ८८, होटल तथा पर्यटन शून्य दशमलव ५२, जलविद्युत् शून्य दशमलव ९६, लगानी शून्य दशमलव ७६ र जीवन बीमा समूह शून्य दशमलव ३० प्रतिशतले घटेको छ। उत्पादन तथा प्रशोधन शून्य दशमलव ८०, लघुवित्त शून्य दशमलव ९७, म्युचअल फन्ड शून्य दशमलव २८, निर्जीवन बीमा शून्य दशमलव ७०, व्यापार एक दशमलव ९७ र अन्य समूह शून्य दशमलव ५३ प्रतिशतले घटेको छ।

हिम स्टार ऊर्जा कम्पनी लिमिटेडको सेयर मूल्य सबैभन्दा धेरै नौ दशमलव ९८ प्रतिशतले बढेको छ। सबैभन्दा धेरै उन्नति सहकार्य लघुवित्त वित्तीय संस्था लिमिटेडकोसात दशमलव ४७ प्रतिशतले घटेको छ।

कारोबार रकमका आधारमा सबैभन्दा धेरै नेपाल रिइन्स्योरेन्स कम्पनी लिमिटेडको रु २२ करोड ७० लाख ४५ हजार ८१४ बराबरको कारोबार भएको छ। यसैगरी, कारोबार भएका सेयर संख्याका आधारमा भने सबैभन्दा धेरै दोर्दी खोला जलविद्युत् कम्पनी लिमिटेडको पाँच लाख ६१ हजार ५१४ कित्ता सेयर किनबेच भएको छ।

## मुस्ताङमा आठ महिनामा एक लाखभन्दा बढी विदेशी पर्यटक

**मुस्ताङ (प्रस)–** जिल्लामा सन् २०२५ को आठ महिनामा एक लाख १६ हजार ७८७ विदेशी पर्यटक भित्रिएका छन्। यहाँ सन् २०२५ को जनवरीदेखि अगस्टसम्म सार्क राष्ट्रबाट एक लाख एक हजार १६१ जना र अन्य देशबाट १५ हजार ६२६ जना विदेशी पर्यटक मुस्ताङ भित्रिएको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना, इलाका संरक्षण कार्यालय (एक्याप) जोमसोमले जनाएको छ।

यहाँ कूल विदेशी पर्यटक संख्याको ८६ दशमलव ६२ प्रतिशत सार्क राष्ट्रबाट र १३ दशमलव ३७ प्रतिशत अन्य राष्ट्रका पर्यटक यहाँ भित्रिएका एक्याप कार्यालय प्रमुख राजेश गुप्ताले जानकारी दिए।

यहाँ सन् २०२५ को जनवरीमा सार्कका तीन हजार ८३० र अन्य राष्ट्रका ५१६ गरी चार हजार ३४६ जना, फेब्रुअरीमा सार्कका चार हजार ५१० र अन्य ७९३ गरी पाँच हजार ३०३, मार्चमा सार्कका १६ हजार ५०७ र अन्य दुई हजार ५८८ गरी १९ हजार ९५, अप्रिलमा सार्कका अठार हजार ३०४ र अन्य चार हजार ८४८ गरी २३ हजार १५२ जना आएका थिए।

मेमा सार्कका २१ हजार ९४६ र अन्य तीन हजार ७८१ गरी २५ हजार ७२७, जुनमा सार्कका १९ हजार ६४९ र अन्य एक हजार २०९ गरी २० हजार ८५८, जुलाइमा सार्क नौ हजार ७९४ र अन्य ८२५ गरी १० हजार ६१९ र अगस्टमा सार्कका छ हजार ६२१ र अन्य एक हजार ६६ जना गरी सात हजार ६८७ जना विदेशी पर्यटक मुस्ताङ भित्रिएको एक्यापको तथ्यांक छ।

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, **इमेल**: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्ण कार्की, **सम्पादक**: विष्णु तामाङ